# मिचैंया नगरपालिका नगर सभाको १५ औं अधिवेशनमा प्रस्तुत
# आर्थिक वर्ष २०८२/०८३ को
# नीति, कार्यक्रम तथा वजेट
# मिति २०८२/०३/०७ गते

नेपालको संविधानले राज्यको पुर्नसंरचना गरेसंगै स्थापित स्थानीय तहको दोश्रो कार्यकालको लागि मिति २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनमा आदरणीय नगरवासी आमा, बुवा, दाजु, भाई तथा दिदी, बहिनीहरुको अमुल्य मतदानबाट विजयी गराई हामीलाई कार्य जिम्मेवारी दिएको चौथो बर्षमा प्रवेश गरे संगै सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरेको छु। यस अवसरमा ईतिहासका सवै कालखण्डमा भएका नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरुमा सरिक भई शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति उच्च-सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु।

आदरणीय नगरवासीका असीमित चाहना, नगरले खोजेको विकास र समृद्धीको सपना, सीमित बजेट र कानुनी व्यवस्थाको पूर्णताको अभावको बावजुत पनि हामी हाम्रा संकल्प र नगरवासीका चाहनालाई यो पाँच बर्षमा पुरा गर्ने गरी समृद्ध मिचैंयाको जग बसाल्न शुरु गरेका छौं। मिचैंया नगरपालिकाको विकास र समृद्धिका लागि हामीले शुरु गरेका हाम्रा नीति तथा कार्यक्रम अनुरुप समग्र कार्य प्रणालीमा गरिएका कार्यक्रमको सुधारका नतिजा हाम्रो कार्यकालमा आउने कुरामा हामी विश्वस्त छौं ।

स्थानीय तह, जनताको सवैभन्दा नजिकको सरकार हो। नेपालको संविधान अनुसार स्थानीय आर्थिक, सामाजिक, पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा स्थानीय तहको प्रमुख जिम्मेवारी रहेको छ । संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल अधिकार सूचिका विषयहरुमा योजना, बजेट तथा कानून निर्माण र त्यसको कार्यान्वयन गर्ने गरी प्रदत्त अधिकारको सीमा भित्र रहेर हाम्रा नीति कार्यक्रम, योजना र बजेट परीलक्षित गरिएको छ ।

यस नीति तथा कार्यक्रममा लोकतान्त्रिक मुल्य मान्यता, मानव अधिकार, सुशासन, सामाजिक न्याय र सामाजिक संरक्षण, संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको सीमा र सम्वन्धका सिद्धान्तहरुलाई आत्मसाथ गर्दै गत विगतमा लिईएका महत्वपूर्ण नीति र संचालनमा रहेका गौरवका योजना र कार्यक्रमलाई निरन्तरता दिंदै हाम्रै पुस्ताले महशुस गर्ने गरी ग्रामीण क्षेत्रमा शान्त एवं सुन्दर आवास, शहरी एवं व्यावसायिक क्षेत्रमा उद्यमशिलता विकास, वातावरणमैत्री सवारी साधन, आधुनिक जीवनशैली, प्रविधि सहितका सडक पूर्वाधार तथा यातायातका साधन र नविनतम सूचना प्रविधिमा सवै नागरिकहरुको पहुँच सहितको सुन्दर, समृद्ध, सुखी र खुसी मिचैंया नगरको परिकल्पना गरेको छु।

हामी निर्वाचित भैरहदाको दिन सम्मको मिर्चैया नगरपालिकाको अवस्था झल्कने गरी श्वेतपत्र जारी गरेका थियौ । जसको जगमा रहेर हाम्रा कार्यक्रमहरु परिलक्षित गरिएका थिए । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा वित्तीय जोखिम स्वमुल्यांकन (FRA) मा तत्कालिन समयमा गरिएको मुल्याङ्कनमा उच्च अंक प्रस्ताव गरिएको छ । ऐन, कार्यविधि निर्माण, न्यायिक कार्य सम्पादन प्रकृया, योजना तथा कार्यक्रम सम्झौता तथा संचालनको लागि गरिएको कानुनी व्यवस्था, संस्थागत सुशासन सम्वन्धित शाखा बाटै नागरिकका कार्य सम्पादन हुने विधिको प्रयोग, विगत एक वर्षमा निर्माण भएका सडक, खानेपानी योजना, नाली, सिंचाई भौतिक क्षेत्रको उपलब्धी, कृषि, शिक्षा, स्वास्थ्य क्षेत्र, खेलकुद, आर्थिक तथा सामाजिक विकासमा प्राप्त उपलब्धी अनुकरणीय रहयो भन्ने विश्वास छ ,जसको मूल्याङ्कन आम नगरवासी लगायत प्रदेश र संघबाट जारि भएको प्रतिवेदनले भएको छ ।

## मिर्चैया नगरपालिकाको परिचय

सिरहा जिल्लाको उत्तर पश्चिममा चुरेपर्वतमालाको काखमा मिर्चैया बजार अवस्थित छ । यो धार्मिक, सांस्कृतिक मठमन्दिर र विभिन्न ताल, पोखरीहरुले सु-सजित जिल्लाका १७ वटा स्थानीय तहहरु मध्येको निकै पुरानो वस्ती र बजारको पहिचान बोकेको नयाँ नगरपालिका हो । यसको नाम रामनगर रहेको सम्वन्धमा एउटा जनश्रुति प्रसिद्ध छ । त्रेता युगमा भगवान श्रीराम वनवासका कममा यस ठाउँमा बासवसेको कारण यसको नाम रामनगर रहन गएको हो भनिन्छ । यस नगरका विभिन्न टोल वस्तीमा रहेका मन्दिरहरु, पोखरी तथा दहहरु प्राचीनकालको रहेको जानकारी एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको आधारमा यो क्षेत्रमा प्राचीनकाल देखि मानववस्ती रहेको थियो भन्ने जनविश्वास रहेको छ ।

यस्तै यस नगरपालिकाको वडा नं. १ महदेवा गाउँमा ( साविक रामपुरविर्ता गा.वि.स.) रहेको महादेव मन्दिर पौराणिककालमा नै स्थापना भएको प्राचीन मन्दिर रहेको पुष्टि यहाँफेला परेका पौराणिककालका वस्तुहरुबाट अनुमान गर्न सकिन्छ । वडा नं. ३ ( राघोपुर ) को निलकण्ठ भगवानको मन्दिर, वडा न ६ मा रहेको हिलपार्क, वडा नं. ७ र ८ फुलवरीयामा रहेको ठुटिमहादेव र लक्ष्मी नारायण मन्दिर प्राचीन कालका धार्मिक आस्थाका केन्द्र रहेका छन ।वडा नं. ९ मा रहेको कमलदह (प्राचिनकालमा साधुसंन्त तथा महात्माहरुले ध्यान र साधना गर्ने गरेको पवित्र स्थल) साथै मिर्चैया न पा वडा नं ५ र ६ मा चुरेको काखमा अवस्थित हिलपार्क पनि यस नगर क्षेत्रका दर्शनीय पर्यटकीय स्थलको रुपमा रहेका छन । वडा नं २ मल्हनिया गाउँ स्थितफुलनीया पोखरी जुनपौराणिककालमा दैत्यहरुले एकै रातमा खनिदिएको भन्ने जनविश्वास रहेको छ । वडा नं १० मा रहेको दह पोखरी ( वडा नं. १० र ११) दुवै वडाको वातावरणिय र सौन्दर्यताको गहनाको रुपमा रहेको छ । यस नगर भित्रका महत्वपूर्ण सम्पदाको उत्खनन्, अध्ययन अनुसन्धानका काम हुन बांकी भएपनि यो क्षेत्रमा त्रेतायुगमा नै मानव बसोवास रहेको कारण यो प्राचीन सभ्यता र इतिहास बोकेको क्षेत्र रहेको भन्न सकिन्छ ।

यस नगरको आधुनिक विकासको कम बिकम सम्वत २००० सालको सेरोफेरोमा शुरु भएको ईतिहास रहेको छ ।् एक महासन्त श्री दामोदरानन्द ब्रह्मचारी बाबा तत्कालीन रामनगर गाउँमा आई आध्यात्मका माध्यमले समाज सुधारको पुनीत कार्यमा लाग्नु भएको देखिन्छ । उहाँले रामनगर गाउँलाई केन्द्रबिन्दु बनाई वालवालिकाहरुलाई पिपलको रुखमुनी राखी शिक्षाको माध्यमले ज्ञान दिई समाज सुधारको

संकल्प गर्नु भएको थियो । यसको लागि विभिन्न गाउमा गई बालबालिकाहरुलाई चौतारोमा जम्मा गरी पढाउने काम गर्न थाल्नु भयो ।

शिक्षाको उज्यालो विना समाज रुपान्तरण संभव छैन भन्ने उहाँको दृढविश्वासले नै २००५ सालमा उहाँ कै पहलमा राणा प्रधानमन्त्री मोहन शमसेर राणाको प्रधानमन्त्रित्वकालमा स्थानीय समाजसेवी तथा जमिन्दारहबाट जग्गा दानमा लिई मोहन शमशेर कै नाममा श्री मोहन हाई स्कुलको स्थापनामा अग्रणी भूमीका निर्वाह गर्नु भएको थियो । राणाकालमा सरकारी स्वीकृतीमा तराईको अविकसित र पिछडिएको ठाउंमा विद्यालय स्थापना गर्नु त्यति सहज थिएन । त्यसैले प्रधानमन्त्री कै नामबाट स्वीकृती पाउन सहज हुने हुदा विद्यालयको नाम मोहन मा.वि.राखियो । विद्यालय संचालनको भरपर्दो आर्थिक श्रोत जुटाउन महासन्त श्री दामोदरानन्द ब्रह्मचारी बाबा कै पहलमा बारह बिगहा जमीन दाताहरुबाट निशुल्क हासिल गरी आँपको बगैचा लगाई विद्यालयको नाममा उपलव्ध गराईएको थियो ।

श्री ब्रह्मचारी बाबाकै पहलमा हाई स्कूल नजिकै बस्तीको केन्द्रमा पर्ने गरि विभिन्न दाताहरुबाट जग्गा उपलव्ध गरी हाटबजारको शुरुवात समेत गरियो । यो हाटबजारले नै मिचैयाको बजारीकरण र व्यवसाय बढाउन पहिलो आधार खडा गर्यो । यो गुदरी वजार रहेको ठाउ अहिले मिर्चैयाको केन्द्र रहेको छ। नगरको केन्द्रमा कि.नं.२५६ मा गुदरी वजार र नगरपालिकाको कार्यालय स्थित छ । मिर्चैयाको विकासको आधारशिला राख्ने काम महासन्त श्री दामोदरानन्द ब्रह्मचारी बाबाबाट भएकोले मिचैयाका बासिन्दाहरु बाबाप्रति सदाआभारी र ऋणी रहनेछन ।

तत्कालीन सगरमाथा अञ्चलको पहाडी जिल्लाहरु उदयपुर, ओखलढुङ्गालाई तराई र भारतीय सीमानासम्म जोडने प्रमुख बजार रामनगर नै थियो । मिर्चैया नगर उदयपुर जिल्लाको कटारी बजार र ओखलढुगा हुदै सोलुखुम्वु जिल्ला र खोटाङ जिल्ला स्थितपवित्र श्री हलेसी महादेव तीर्थस्थल पुग्ने प्रवेश बिन्दु पनि हो । सम्वत २०१० जेष्ठ १६ गते पहिलो चोटि सगरमाथामा मानवपाईला टेक्ने सौभाग्य पाएका सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पा यसै मार्गको प्रयोग गरी सगरमाथा आरोहणका लागि सोलुखुम्वु तर्फ जादा एकरात मिर्चैयामा बास वसेको स्मरण यहाँका पाका नागरिहरुबाट व्यक्त भएको थियो ।

२०१८ सालमा रामनगर मिर्चैया गाउँ पंञ्चायतको नामबाट गठन भएको गाउँ पञ्चायतलाई २०४६ सालको राजनीतिक परिवर्तन पछि गाउँ विकास समितिमा रुपान्तरित गरीदारामनगर मिर्चैया गा.वि.स.को नाममा निरन्तरता दिइयो । वि.सं २०३० को दशकमा पूर्वपश्चिम राजमार्ग निर्माण भई सडक सञ्चालबाट यो बजार पूर्वी र पश्चिमी नेपालका महत्वपूर्ण बजार र शहरहरुसंग जोडिन पुगेपछि राजमार्ग छेउछाउमा वस्ती विस्तार तथा व्यवसायिक कियाकलापमाको विकासको कम शुरु भएको हो । २०४० को दशकमा उदयपुरको कटारी हुदै ओखलढुङ्गा जोडने सगरमाथा राजमार्गको निर्माण मिर्चैयाबाट शुरु भई यातायात सञ्चालनमा आएपछि मिर्चैया तराई र पहाडको संगमको रुपमा उदीयमान हुन पुग्यो । पूर्वपश्चिम राजमार्गबाट कटारी जाने सडकको शुरु विन्दु कटारी चौकको नामले परिचित छ,जुन अहिले मिर्चैयाको प्रमुख व्यापारिक केन्द्रको रुपमा विकसित भएको छ ।

नेपाल सरकारले मिति २०७१।१।२५ मा मुलुकभर ७२ वटा नयाँ नगरपालिका गठन सम्वन्धी निर्णय गर्दा सिरहा जिल्लाका ७ वटा गाउँ विकास समितिहरु फुलवरिया,रामपुरविर्ता, मलहनीया खोरी, राघोपुर, सितापुर र गम्हरीया महेशपुर गा.वि.स.हरु गाभेरमिर्चैया नगरपालिकाको गठन भएको हो । नेपाल सरकारले नेपालको संविधान २०७२ असोजमा जारी भएपछि सो बमोजिम मिति २०७३।११।२७ बाट लागु हुने गरी

स्थानीय तह गठन आदेशजारी गर्दा मिर्चैया नगरपालिकासंग सीमाना जोडिएको सिक्रोन गाविस यस नगरपालिकामा समाहित गरिएपछि नगरपालिकाको क्षेत्र विस्तार भइ यसको क्षेत्रफल ९१.९७ वर्ग कि.मी कायम भएको छ। सिक्रोन गाविस मिर्चैया नगरपालिकामा मिसाईए पछि वडा संख्या १२ र २०७८ को जनगणना बमोजिम नगर क्षेत्रको कुल जनसंख्या ५९४२५ रहेको छ।

## मिर्चैया नगरपालिकाको भौगोलिक अवस्थिति




अवस्थिति : अक्षांश : २७.६२° देखि २७.६९ ° उत्तरी

देशान्तर : ८५.२९ ° देखि ८५.३६ ° पूर्वी

सीमाना : पूर्वमाः गोलवजार नगरपालिका र नरहा गाउपालिका

पश्चिममाः कर्जन्हा नगरपालिका

उत्तरमाः चुरे पर्वत र पारि कटारी र दुधौलि नगरपालिका

दक्षिणमाः कल्याण्पुर नगरपालिका

उचाई : समुद्रि सतह देखि ८७ मि. माथि

अधिक्तम तपक्रम : ३६° देखी ४३°

न्युनतम तापक्रम : २०°

क्षेत्रफल : : ९१.९७ वर्ग कि.मि.

वडा विभाजन : : १२ वडा

सबैभन्दा ठूलो वडा : ६ (जनसंख्याको आधारमा )

सबैभन्दा ठुलो मतदाता संख्या भएको वडा : १

सबैभन्दा ठुलो वडा : वडा नं. ९ (क्षेत्रफलको आधारमा)

सबैभन्दा सानो वडा : ८ (जनसंख्याको आधारमा )

**तथ्याङ्कीय जानकारी ((राष्ट्रिय जनगणना २०७८ अनुसार)**

जम्मा घरधुरी : १२२५०

कुल जनसंख्या : : ५९४२५

पुरुष : २९५७१ (४९.८५)

महिला : २९८५४ (५०.२५)

लैगिंक अनुपात : ९९.५ पुरुषमा १०० महीला

जनघनत्व : ६४६ प्रति वर्गा कि.मि.

कुल साक्षरता दर : ६६.१ ५ %

पुरुष साक्षरता दर : ७५.२५ %

महिला साक्षरता दर : ५७.२५ %

**वडागत जनसंख्या विवरण - जनगणना २०७८ अनुसार**

| वडा | घरधुरी | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ११४४ | ५३५० | २४९१ | २८५९ |
| २ | ९०८ | ४४२६ | २१२२ | २३०४ |
| ३ | ९९३ | ५०३४ | २५५८ | २४७६ |
| ४ | ८४० | ४१५६ | २१०० | २०५६ |
| ५ | १४७३ | ७०२७ | ३५८४ | ३४४३ |
| ६ | १५६८ | ७२८२ | ३७९४ | ३४८८ |
| ७ | ८०९ | ३९२० | १९२० | २००० |
| ८ | ६०९ | २०८७ | १५१७ | १४७० |
| ९ | ९२७ | ४४११ | २१६१ | २२५० |
| १० | ११०२ | ५५३९ | २७३९ | २८०० |
| ११ | १०८१ | ५४२४ | २७०१ | २७२३ |
| १२ | ७९६ | ३८६९ | १८८४ | १९८५ |

## ऐतिहासिक महत्वका धार्मिक तथा पर्यटकीय सम्पादाहरु :

**१.महादेव मन्दिर :** वडा नं. १ महदेवा स्थित महादेव मन्दिर विश्वसम्पदा सूचीमा सम्मिलित गराई संरक्षण गर्नुपर्ने खालको पौराणिक महत्वको मन्दिर हो । यहाँ नजीकै रहेको दुर्गामन्दिर जहा चैते दशैंमा भव्यताको साथ मेला लाग्ने गरेको पाइन्छ ।

**२.फुलनीया पोखरी वा करर्हवा पोखरी :** मिर्चैया न.पा.को वडा नं. २ मा रहेको पौराणिककालको फुलनीया पोखरी एक दैत्यले एकै रातमा खनेको पोखरी हो भन्ने जनविश्वास विद्यमान रहेको छ ।

**३.लिलकण्ठ वावाको मन्दिर :** मिर्चैया नगरपालिकाको वडा नं. ३ मा रहेको पौराणीक लिलकण्ठ वावाको मन्दिरु क्षेत्रमा हरेक वर्ष ठुलो मेला लाग्ने र उक्त मेलामा पहलमानी (कुस्ती) हुने गरेको छ ।

**४.भवरि मन्दिर :** मिर्चैया न.पा.को वडा नं. १ मा रहेको भवरि मन्दिर क्षेत्रमा बर्षैभरि निरन्तर रहनेपानीको मुहान रहेको छ । यहाँ हरेक भक्तजनको मनोकामना पुरा हुने विश्वासको साथ यो मन्दिरमा प्रत्येक बर्ष धुमधामसाथ मेला लाग्ने गरेको छ ।

**५.दुर्गामन्दिर :** मिर्चैया वडा नं. ५ गुदरिवजारको विचमा रहेको दुर्गामाताको मन्दिरमा नवरात्री दशै भरि भव्य मेला लाग्ने गरेको छ । यहाँ विशेष गरी विजया दशमीको दिनमा ठुलो मेला लाग्ने गर्छ ।

**६.हिल पार्क** : मिर्चैयाको वडा नं. ५ र ६ को चुरे क्षेत्रमा निर्माणधीन अवस्थामा रहेको हिलपार्क नगरको प्राथमिकताको पर्यटकीय क्षेत्र हो । यो निर्माणाधीन अवस्थामा रहेको छ । यहाँवाट खुल्ला आंखाले मिर्चैया नगरपालिका क्षेत्रको विहंगम दृश्यावलोकनका साथै सिरहा जिल्ला र धनुषा जिल्लाको दृश्यावलोकन गर्न सकिन्छ ।

**७.ठुठि मन्दिर र लक्ष्मी नारायणको मन्दिर** : मिर्चैया न.पाको वडा नं. ७ र ८ को समेत रेखदेखमा रहेको वतहाखोला नजिक अवस्थित छ । यहाँ प्रत्येक वर्षको हरिवोधनी एकादशीको दिन ठुलो मेला लाग्दछ ।

**८.कमलदह** : मिर्चैया नगरपालिकाको वडा नं. ९ मा रहेको कमलदह पौरणिक तथा ऐतिहासिक दहको रुपमा प्रख्यात चुरे पर्वतको काखमा रहेको पर्यटकिय स्थलको रुपमा रहेकोछ । यहाँ हरिवोधनि एकादशीको दिनमा मेला लाग्ने गरेको पाईन्छ ।

**९.आकाश गंगा** :मिर्चैया वडा नं. ९ को घुर्मिघाट भन्दा माथी रहेको आकाश गंगा भनिने झरना पनि रमणीय र दर्शनीय स्थलको रुपमा प्रख्यातछ ।

**९.दह पोखरि** : मिर्चैया नगरपालिकाको वडा नं. १० मा रहेको दह पोखरी वडा नं. १० र ११ दुवै वडाको वातावरणिय र सौन्दर्यताको गहनाको रुपमा रहेको छ । यसलाई व्यवस्थित गरी पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्न सकिएमा यस नगरपालिकाको आर्थिक आयको आधार र आकर्षणको क्षेत्र बन्नेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

मिर्चैया नगरपालिकाको आ.व. २०८१/०८२ मा गरिएका केहि महत्वपूर्ण उपलब्धिहरुका बारेमा संक्षेपमा प्रकाश पार्दछु ।

## १. भौतिक पूर्वाधार तर्फ

| क्र.स. | बिवरण | परिमाण |
|---|---|---|
| १. | ग्राभेलको काम | १४,१६७ मि. |
| २. | सडक ढलान कार्य | २४७५मि ३७.. |
| ३. | कृषि सडक | ५९५० मि. |
| ४. | बोरिंगको काम | २२ पिस बोरिंग<br>३० पिस हाथे कल |
| ५ . | पाइप कल्भर्ट | ४ पिस |
| ७. | लाइट जडान कार्य | ३ पिस लाइट<br>३९ पिस बिजुली पोल |
| ८. | नाला निर्माण कार्य | ४२२ मि . |
| ९. | मिर्चैया थाना चोकदेखि मेन गेटदेखि मिर्चैया नगरपालिका को कार्यालय जाने बाटो कालो पत्रे | कार्य संचालनमा रहेको |
| १०. | मिको सिमाना छर्की टोलमा १२ र ३.पा.न. आर.सी सडक ढलान र नाला निर्माण कार्य .सी. | ६०० मि नाला .<br>१४० मि सडक ढलान . |
| ११. | रोहण साहको किराना पसल हुदै शिब मन्दिरसम्म नाला र सडक ढलान ६ .वडा न- | ७५ मि नाला .<br>१५६ मि सडक . |
| १२. | मिसम्म पावर ड्रिल सिचाई १२ देखि १ पा.न . परियोजना | ३५ थान बोरिंग जडान |
| १३. | मिर्चैया नसम्मको कृषि सडकहरुमा १२ देखि १.पा. बिधुतिकरण | ७ कि कृषि सडकमा.मि. |

१. RCC सडक ढलान-२.८ किलोमिटर
२. RCC नाला निर्माण -१.१ किलोमिटर
३. सडक ग्राभेल कार्य -१४.२ किलोमिटर
४. कृषि सडक -करिब ६ किलोमिटर
५. नहर सरसफाई-२ किलोमिटर
६. नाला सरसफाई - मिर्चैया न पा को सम्पूर्ण पक्कि नाला
७. बोरिङ्ग जडान : ५७ थान
८. पोल ट लाइट जडान कार्य : ४२ थान
९. वार्ड नं २ मल्हनियामा १५ बेड हस्पिटल निर्माणको काम लगभग अन्तिम चरणमा रहेको

## २. शिक्षा तर्फ

- सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेटको पहुँच विस्तार भएको र स्कुलमा Smart Board जडान भइसकेको ।
- संस्थागत विद्यालयको पाठ्यपुस्तकमा एकरुपता लाइएको ।
- २ वटा चार कोठे भवन निर्माण भएको ।
- कक्षा ८ को अन्तिम परिक्षा स्तरिकृत भएको ।
- ३ वटा विद्यालयमा भरपाई प्रणाली लागि भएको ।
- प्रथम मेयर गोल्डकप र क्रिकेट प्रतियोगिता सम्पन्न भएको ।

## ३.स्वास्थ्य तर्फ

- मिर्चैया न पा को सम्पूर्ण स्वास्थ्य चौकीबाट करिब ३,५०,००० जना सेवाग्राहीलाई औषधि वितरण गरेको
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर विरुद्ध भ्याक्सिन अभियानमा करिब १५०० किशोरीलाई भ्याक्सिन प्रदान गरेको
- क्षयरोग सम्बन्धि जम्मा ३५० जनालाई निःशुल्क स्क्रीनिंग गरेको
- मिर्चैया न पा को सपुर्ण वडाहरुमा लामखुट्टे नियन्त्रणका लागि औषधी स्प्रे गरेको

## ४. खानेपानी तथा सरसफाई

- खानेपानी टयांकीमा water treatment plant जडान गरेको ।
- खानेपानी पाइपलाइ व्यवस्थित गरेको ।

## ५. रोजगार सिर्जना तर्फ

- १४० जना बेरोजगार लाइ १४००० दिन बराबरको रोजगारी शृजना भएको
- करिब ५०० जना वढीलाइ श्रम स्वीकृतिमा सहजीकरण गरेको
- बैदेशिक रोजगारीमा मृत्यु भएका २४ जना र अङ्गभङ्ग भएका ८ जना व्यक्तिलाइ आर्थिक सहयोगका लागि सहजीकरण गरेको
- ४० जना व्यक्तिलाई काममा आधारित क्षमता विकास तालिम र सीप विकास तालिम प्रदान गरिएको

## ६. उद्यम विकास तर्फ

- लघु उधम कार्यक्रमबाट ३२० जना उधमी निर्माण गरियो ।

## ७.सार्वजनिक सेवा प्रवाह तफ

- राष्ट्रिय परिचय पत्र वितरण गर्ने कार्य सुचारु भएको ।
- राहदानी वनाउने र वितरणमा सहजीकरण गरेको ।

- सम्पूर्ण कार्य PAPERLESS ACCOUNTING (अनलाइन प्रविधि) को प्रयोग गरि संचालन भएको ।

**८.सूचना प्रविधि तर्फ**

- सम्पूर्ण वडा, विद्यालय, कार्यालय, स्वास्थ्य अस्पतालमा अनलाइन हाजरी सेट अप गरेको
- LISA र FRA मा क्रमशः ९८.५% र ८८.७५% अंक प्राप्त गरेको
- मिर्चैया अस्पतालमा सफ्टवेयर जडान गर्दा व्यवस्थित भएको

**९.न्याय सम्पादन**

- निवेदन दर्ता : ७२
- छलफल भएको : ८८
- मेलमिलाप र निर्णय भएको : ४०

**१०. विपद व्यवस्थापन**

- मिर्चैया न.पा र अन्य पालिकाको विभिन्न २५ स्थानमा घर, पसल, परालका टौवा लगायतका सम्पतिमा भएको आगलागि लाई बरुण यन्त्रवाट नियन्त्रण गरिएको ।
- आगलागिवाट पिडित १५ घर परिवारलाई खाधान्न सामाग्रि, त्रिपाल, भाडाकुडा लगायतका राहत सामाग्रिहरु वितरण गरिएको ।
- वडा नं.१ र २ को दलित बस्तिमा करिब १०० घर परिवारलाई कमबल वितरण गरिएको ।
- यस न.पा.को बिभिन्न २० स्थानमा सि.सि क्यामेरा जडानको लागि प्रदेश सरकारवाट सम्झौता भई प्रकृया अगाडी बढाइएको ।

## उपस्थित नगरसभा सदस्य तथा अन्य महानुभावहरु,

आगामी आ.ब. को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका बिषयहरुलाई मूलभुत मार्ग निर्देशनका रुपमा लिईएको छ ।

- नेपालको संविधानमा रहेका राज्यका निर्देशक सिद्धान्त र नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरु र मार्ग सूचकहरू,
- स्रोहौ आवधिक योजनाको अबधारणापत्र,
- २०८२/०८३ को संघीय सरकारको नीति तथा कार्यक्रम,
- आ.ब.२०८२/०८३ को प्रदेश सरकारको नीति तथा कार्यक्रम,
- क्षेत्रगत विकास नीति र रणनीतिहरु,

- अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले व्यक्त गरेको प्रतिवद्धताहरु
- विकाससील राष्ट्रमा स्तरोन्नतिको रणनीति
- सङ्घीय तथा प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,
- मध्यकालीन खर्च संरचना
- राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच
- नगरवासी समक्ष गरेका प्रतिवद्धताहरु
- नगरवासीका माग, चाहना र अपेक्षा

नीति तथा कार्यक्रम तर्जुमाको क्रममा स्थानीय राजनैतिक दल,कर्मचारी लगायत सवै वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, सरकारी तथा गैर सरकारी संस्था, पेशागत संघ, संगठन, नागरिक समाज, वुद्धिजीविहरुबाट रचनात्मक र श्रृजनात्मक सल्लाह र सुझावहरु प्राप्त भएका छन । प्राप्त सुझावहरु अत्यन्तै मननीय र सान्दर्भिक छन । उक्त सुझावहरुलाई यथासंभव समेट्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रम तयारीको क्रममा सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण राजनैतिक दलका प्रतिनिधि, सवै वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधी, पेशागत संघ संगठनका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधी, बुद्धिजीविहरु, पत्रकार, पौरखी किसान, उद्योगी, व्यापारी, कर्मचारी लगायत सुझाव दिने सम्पूर्ण व्यक्तित्वहरु, सहकर्मी जनप्रतिनिधि लगायत नगरवासी एवं मतदाताहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । प्राप्त सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिई मिर्चैया नगरपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गर्ने कुरामा विश्वास दिलाउन चाहन्छु । उल्लेखित सुझावहरुको आधारमा दिगो भौतिक पूर्वाधार निर्माण, पर्यटन पूर्वाधारको विकास, वातावरण संरक्षण, नगरवासीको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नती, सुशासन र संस्थागत विकासलाई मुख्य प्राथमिकता दिई नगरले आगामी आर्थिक वर्षमा लिने क्षेत्रगत नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गर्दछु ।

**उपस्थित नगरसभा सदस्यज्यूहरु,**

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको कार्य जिम्मेवारी समेतलाई मध्यनजर गरी आगामी आ.ब. ०८२/८३ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकतामा राखिनेछ ।

क) कृषि,पर्यटन तथा पूर्वाधार निर्माण,
ख) आर्थिक सुधार र निजि क्षेत्रको प्रबर्धन,
ग) शिक्षा,स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,
घ) रोजगारी प्रवर्द्धन र गरिवी निवारण,
ङ) सामवेशिता र सामाजिक सुरक्षा,

च) सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार,

छ) विपद जोखिम न्यूनीकरण ।

अव म मिर्चैया नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि तय गरिएका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) आर्थिक नीति :

### १. कृषि, तथा पशुपन्छी :

1. **"कृषि उत्पादनमा वृद्धि, नगरको समृद्धि"** अवधारणा अनुसार कृषि क्षेत्रको आधुनिकरण गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।
2. प्रभावकारी कृषि प्रसार, सुचना प्रविधि र संचारका लागि कृषक तथ्यांक संकलन गरि **किसान सूचीकरण कार्यक्रम**लाई नगरपालिकाको १२ वटै वडामा संचालन गरि कार्यक्रम मार्फत संकलन भएको विवरणको आधारमा कृषकहरुलाई **किसान परिचय-पत्र** वितरणको लागि आवश्यक बजेट विनियोजन गरि सुचारु गर्ने व्यवस्था मिलाइनेछ ।
3. किसानहरुले प्रयोग गर्दै आएको कृषि मिटरको महशुल नगरपालिकाबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
4. खेतीको सिजन अनुसार कृषकहरुलाई आवश्यक **रासायनिक मल, उन्नत एवम् प्रमाणित विउविजन र कृषि प्रविधि** सहज र सुलभ आपुर्तिको लागि सहजिकरण गरिनेछ ।
5. कृषि विधुतीकरणका लागि आवश्यक पहल गरि कृषकको सहजीकरणका लागि खेत खेतमा विधुत पोल र विधुतीकरण गरिनेछ ।
6. कृषि उत्पादन जस्तै माछा, मासु, दुध र फुलको बजारीकरण र मूल्य श्रंखला र भण्डारण सहयोगका लागि **"बारीदेखी बजारसम्म : गोठ देखि ओठसम्म"** अभियान संचालन गर्न अध्ययन गरिनेछ ।
7. विभिन्न कारणबाट कृषि तथा पशुपालन हुने जोखिम न्यूनीकरण गर्नको लागि बाली तथा पशुपंछी बिमा कार्यक्रम लागु गरी संघीय तथा प्रदेश सरकारको नीति अनुरुप **निःशुल्क बाली तथा पशुपन्छी बिमा** गर्ने व्यवस्था मिलाइनेछ
8. कृषि योग्य जमिनको उत्पादकत्व वृद्धि गर्न सिंचाई क्षेत्रको विस्तार गरि वर्षै भरि सिंचाई सुबिधा विस्तार गर्न स्यालो ट्युववेल, डिप बोरिंग लगायत सिंचाई सुविधा विस्तार गरिनेछ ।
9. **"पशु उत्पादनमा वृद्धि : आर्थिक उपार्जन सहितको समृद्धि"** हासिल गर्न पशुपन्छी व्यवसाय प्रवर्द्धन र सम्व्रद्धनका लागि पशु नशल सुधार, घाँसवालीको विउ वितरण, नियमित पशु स्वास्थ्य जांच, पशुको Vaccination जस्ता कार्यहरु नियमित संचालन गरिनेछ ।
10. पशुपन्छीपालन तथा पशुजन्य उत्पादनका लागि निजि क्षेत्रसंगको साझेदारी र सहकार्यमा पशु वधशाला, स्वच्छ मासुपसल र दुधजन्य पसल लगायतकाका पसलहरुको पूर्वाधार निर्माण कार्य व्यवस्थित भए नभएको नियमित अनुगमन गरिनेछ ।

11. नगरपालिकाको दुर्गम तथा पिछिडिएका क्षेत्रमा रहेका कृषकहरुको पहिचान तथा सेवामा पहुँच पुर्याउन **पशु स्वास्थ्य शिविर संचालन** गर्न व्यवस्था मिलाइनेछ ।
12. गहुँ, प्याज, हाव्रिड जातको तरकारी, धानको बिउ, फलफुल आदि मा ५०% अनुदानमा विक्री वितरण गरिनेछ
13. कृषकहरुको सुविधाको लागि हरेक वडामा **घुम्ती माटो परीक्षण शिविर** संचालन गरिनेछ ।
14. सिंचाई सम्वन्धी कार्यक्रम संचालन गर्दा **कृषि पकेट क्षेत्रलाई** प्राथमिकता दिईनेछ ।
15. पशुमा **कृत्रिम गर्भाधान** सेवालाई विस्तार गरि निरन्तरता दिइनेछ ।
16. स्थानीय कृषि उपजहरु को बजारीकरणका लागि **एक वडा एक हाट बजार** स्थापना गर्न प्रोत्साहन गरिनेछ
17. कृषि क्षेत्रसंग सम्बन्धित बिकसित नविनतम प्रविधिको बारेमा कृषकलाइ जानकारी गराउन **नतिजा तथा तरिका प्रदर्शन विधि**लाइ अवलम्वन गरिनेछ ।
18. नगरपलिकामा उत्पादित कृषि उपजहरुको बजारीकरणको लागि सहकारी संस्थाहरु संग समन्वय गरि संकलन केन्द्र र पालिकास्तरिय **कोल्डरुम स्थापना** गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
19. बाँदर/बदेल निल गाइ लगायत वन्यजन्तुहरु बाट कृषकहरुलाइ परेको समस्यालाई उचित रोकथामको उपाय अध्ययन गरि समाधान गरिनेछ ।

## २ .उधोग र वाणिज्यः

१. **"स्थानीय औधोगिक उत्पादनमा वृद्धिः रोजगारी सिर्जना र समृद्धि"** लाइ साकार गर्न स्थानीय कच्चा पदार्थमा आधारित उधोगलाई विकास र विस्तारमा सहजीकरण गरिनेछ ।
२. निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई नगरको आर्थिक विकासमा परिचालन गर्न व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ।
३. उद्योग तथा बाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नुपर्ने दायित्वलाई ध्यान दिदै नगरभित्र सञ्चालित उद्योग तथा व्यापारका लागि **संस्थागत सामाजिक दायित्व (CSR) निर्देशिका** तयार गरी कार्यान्वयन गरिनेछ ।
४. व्यवसाय व्यवसाय बीच सम्बन्ध विस्तार **अन्तरक्रिया कार्यक्रम** सञ्चालन गरिनेछ । संचालित उद्योग व्यवसायलाई **लेवलिङ्ग र प्याकेजिङमा सहयोग** गर्ने नीति लिईनेछ ।
५. नगरपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुको **तथ्याङ्क अभिलेखीकरण कार्यक्रम** सञ्चालन गरिनेछ ।
६. पसलहरुमा बिक्री हुने सामानको मुल्य सूचि राखी मात्र कारोबार गर्ने व्यवस्था मिलाइनेछ ।
७. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यकम मेड्पालाई स्थानीय तह अनुकुल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गरिनेछ ।
८. व्यवसायिक योजना निर्माण र वित्तिय साक्षरतामा जोड दिई व्यवसाय वृद्धिका लागि वित्तिय पहुँचमा अभिवृद्धि गरिने छ ।

## ३. पर्यटन तथा संस्कृति विकास :

1. **“चलु मिर्चैया, घुमु मिर्चैया”** भन्ने अभियानलाई निरन्तरता दिइनेछ । कमल दह,आकाश गंगा र हिलपार्कको पूर्वाधार विकासमा जोड दिइनेछ ।
2. **“पर्यटकीय गतिविधिमा वृद्धि, मिर्चैया शहरको समृद्धि”** भन्ने आवधारणालाइ साकार पार्न मिर्चैयाका पर्यटन पूर्वाधार, प्राकृतिक सम्पदाको संरक्षण, मुख्य पोखरिहरुको सौन्दर्यकरण, सरसफाई, शहरी सुरक्षा र आतिथ्यता जस्ता क्षेत्रमा नेपाल सरकार तथा प्रदेश सरकार संग समन्वयमा लगानी केन्द्रित गर्ने निति लिइनेछ ।
3. धार्मिक महत्व रहेका वडा नं. १ मा रहेको महादेव मन्दिर र भवरि मन्दिर, वडा नं. २ मा रहेको फुलनीया पोखरी वा करर्हवा पोखरी, वडा नं. ३ मा रहेको लिलकण्ठ वावाको मन्दिर, वडा नं. ५ गुदरीवजारमा मा रहेको दुर्गामन्दिर , वडा नं. ७ रहेको ठुठि मन्दिर, वडा नं ९ मा रहेको कमल दह र वडा नं ५ र ६ मा रहेको हिलपार्क र लक्ष्मी नरायणको मन्दिर, वडा नं. १० मा रहेको दह पोखरि ऐतिहासिक, पुरातात्विक स्थानहरुको पहिचान, नक्साङ्कन गरी संरक्षण, संवर्द्धन र व्यवस्थापन कार्य, आन्तरिक पर्यटन प्रवर्द्धनलाई जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।
4. इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक व्यक्ति र घटनासंग जोडिएका स्थल पहिचान गरी **पर्यटकीय केन्द्रको** रुपमा विकासमा निरन्तरता दिइनेछ ।
5. पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट खोल्न नीजी-सार्वजनिक साझेदारीमा पर्यटकीय स्थलहरूको प्राकृतिक सौन्दर्यतामा खलल पुर्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीतिलाई निरन्तरता दिइनेछ । ।
6. **"पर्यटन पूर्वाधार, समृद्ध मिर्चैया नगरपालिकाको आधार"** भन्ने नाराका साथ पर्यटन पूर्वाधार विकासमा केन्द्रीत कार्यक्रम संचालन गरी यस क्षेत्रको पर्यटन विकास गर्ने नीति लिइनेछ ।
7. मिर्चैया नगरपालिका वडा नं. ९ र वडा नं. ६ मा रहेको कमल दह र हिल पार्कलाइ **पिकनिक स्पटको समेतको पूर्वाधार विकास** गरिनेछ, र सो स्थानमा ताल निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई अगाडि बढाईने छ ।
8. पर्यटन सम्पदा र क्षमताको आधारमा **अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना** तर्जुना गरी आवधिक योजना र वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
9. आदिवासी, जनजाति, पिछडावर्ग आदिको भाषा, लिपि, बाजागाजा, रीतिरिवाज, परम्परा, संस्कृति आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## ४. सहकारी तथा वित्तीय क्षेत्रः

1. नगरक्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत तयार गरी निष्क्रिय सहकारी संस्थाहरुको दर्ता खारेज गर्ने तथा सक्रिय संस्थाहरुसँग सहकार्य गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ।
2. साना बचत तथा आय-आर्जन, कुटिर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको लगानी बढाइने छ
3. सहकारी मार्फत यस नगरपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले **साना सहकारीहरुलाई एकीकृत** गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।
4. नेपालको संविधान ले पर (२०७२)िकिल्पना गरेको ३ खम्बे अर्थ नीतिको एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्र भएकाले सहकारीको मर्म र भावना अनुसार सहकारी गठन, सञ्चालन र व्यवस्थापनमा जोड

दिईनेछ, सहकारीलाई गरिवी न्यूनिकरण र स्वरोजगारमा जोड्ने गरी कार्यक्रमहरु ल्याईने कार्यलाई निरन्तरता दिइनेछ।

5. नगरपालिका स्तरको सहकारीको अवस्था विश्लेषण गरी यथार्थ तथ्याङ्क सार्वजनिक गर्ने नीति अनुरुप सहकारी बुलेटिन प्रकाशन गरिने कार्यलाई निरन्तरता दिइनेछ।
6. कृषि सहकारी नभएका वडाहरुमा कृषि सहकारी निर्माणको लागि प्रोत्साहन गरिने छ । बचत तथा ऋण सहकारी र बहुउद्देश्य सहकारीको कार्यक्षेत्र विस्तारलाई प्राथमिकता दिई सेवा पुर्याउन बाँकी रहेका क्षेत्रमा नयाँ सहकारी दर्ताको लागि पहल गरिने छ ।
7. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि **श्रम सहकारी गठन**, परिचालन तथा व्यवस्थापन गरिने कार्यलाई निरन्तरता दिइनेछ।
8. नगरपलिका भित्र रहेका वित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ ।
9. सहकारी संस्थाहरूको बृहत एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली )COPOMIS) मा सहकारी संस्थाहरूको आबद्धतालाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**: पूर्वाधार क्षेत्र (ख)**

## १. दिगो तथा गुणस्तरीय पूर्वाधार विकास :

1. सहरी पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी वर्ष **परियोजना बैंक तयार** गरिने छ ।
2. वतहा खोलाको पक्कि पुल यस वर्ष यस बर्ष सम्पन्न गरिनेछ ।
3. विभिन्न आयोजना, परियोजनाहरुको अनुगमन तथा मुल्यांकन नतिजामा आधारित अनुगमन प्रणालीका आधारमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
4. मिर्चैया नगरपालिका भित्र रहेका विपन्न र दलित सामुदायको घरहरुलाइ विपतसंग वाचनका निम्ति बिमा गर्ने नीति र आवश्यक सरोकारवालाहरु संग समनव्य गरि बिमा गर्ने व्यवस्था मिलाइनेछ ।
5. नगरपालिका केन्द्रबाट सबै वडा कार्यालयसम्म जोड्ने मुख्य सडकहरु कालोपत्रे तथा आर.सी.सी. ढलान गर्ने नीति अवलम्बन गरिनेछ ।
6. सडकहरु संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी साझेदारीमा निर्माणका लागि पहल गरिनेछ
7. मिर्चैया नगरपालिकाको आर्थिक, सामाजिक रुपान्तरण, रोजगार सृजना तथा पुंजी निर्माणका आधारशिलाको रुपमा सार्वजनिक निजी साझेदारीमा कृषि सडक, पर्यटन पूर्वाधार, सुविधायुक्त बसपार्क लगायत **नगर गौरवका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन** कार्यलाई अगाडी बढाइने छ ।
8. नगरपालिका क्षेत्र भित्र सार्वजनिक,व्यवसायिक,आवासीय घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा पालना गरेको सुनिश्चित गरिनेछ।

9. ठेक्का प्रणालीलाई स्वच्छ, पारदर्शी, मर्यादित र विचौलिया रहित बनाई आर्थिक सुशासन कायम गर्न यथासम्भव सबै बोलपत्र अनलाइन प्रणालीबाट निस्काशन गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ ।
10. योजनाहरुको दिगोपनाको लागि **दीगो मर्मत सम्भारको नीति** अवलम्बन गरि मर्मत सम्भारको लागी मर्मत सम्भार कोष खडागरी मर्मत सम्भार समुहलाई परिचालीट गरिनेछ ।
11. पुर्वाधार विकास शाखा अन्तर्गत रहेका प्राविधिक कर्मचारीहरुका लागी **क्षमता बिकास तालिम तथा आवश्यक ईन्जिनियरीङ औजारहरु खरिद**को लागि बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ
12. **समृद्ध मिर्चैयाको सार, समग्र विकासको दीगो आधार**का लागि पूर्वाधारका काममा जनसहभागितालाई बढाउने र कार्य आरम्भ अगाडि नै जनसहभागीता सुनिश्चित गराउने व्यवस्था मिलाइनेछ ।
13. **हाम्रा पूर्वाधार समृद्दीका आधार** भन्ने मान्यतालाई आत्मसात गर्दै स्तररोन्नती भइसकेका सडकहरुलाई कालो पत्रे गर्नेतर्फ प्राथमिकता दिदै निर्माणपश्चात उचित संरक्षणको व्यवस्था मिलाइनेछ ।
14. आफ्नै **कार्यालय भवन नभएका वडा कार्यालयहरूको भवन निर्माण** गर्ने व्यवस्था मिलाइनेछ ।
15. नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद लगायतका निकायको भौतिक सम्पतिको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
16. भू-उपयोगलाई व्यवस्थित तुल्याउन भू-उपयोग नीति तयार गरी लागु गरिनेछ घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा **भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्बन**मा ध्यान दिईनेछ |
17. वडास्तरीय आयोजनाहरूको रकमान्तर र कार्यक्रम संशोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम मात्र हुनेगरी व्यवस्था मिलाइनेछ ।
18. GIS को प्रयोग गरी वडा सिमाना, सडक सञ्जाल एवं सडक अधिकार क्षेत्र वर्गीकरण खुलेको नगर यातायात गुरुयोजना तयार तयार गरिनेछ।
19. नगर क्षेत्रभित्र संचालन भएका ठेला, ई-रिक्सा तथा तिन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित गरिनेछ
20. सडक, सडक पेटीमा राखिएका सामानहरु तथा अव्यवस्थित पार्किङ्गलाई नियमित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
21. सडक पूर्वाधारको गुणस्तर र मर्मतमा विशेष ध्यान दिने र सडक दुर्घटनाको न्यूनीकरणका निम्ति **'सडक सुरक्षा निर्देशिका** तयार गरि कडाईका साथ लागू गरिनेछ ।
22. टोल सुधार समिति तथा सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा प्रत्येक टोलमा सुलभ, सफा र व्यवस्थित शौचालय निर्माण गरिनेछ ।
23. हरेक वर्षको चैत्र मसान्तभित्र पूर्वाधार तर्फका आयोजनाहरु सम्पन्न गराउने नीति लिईनेछ आफ्नो वडा भित्रका सबै योजनाहरुको सबैभन्दा पहिला उपभोक्ता समिती गठन सम्झौता र सम्पन्न गराउने नीति लिइनेछ।
24. रोलर डोजर एक्साभेटर विटुमिन प्रयोग हुने योजनाहरु ठेक्का प्रकृयाबाट गर्ने र उपभोक्ता समितिको नगद लागत सहभागिता हुने र वास्तविक जनसहभागिता जुट्ने योजनाहरु उपभोक्ता समितीमार्फत गर्ने नीति लिईनेछ।
25. नगरपालिकाको प्रथम आवधिक योजना १६ औं राष्ट्रिय आयोजनासंग मेल खाने गरि निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

## २. विद्युतः

1. सडकको भूभागमा अवस्थित विद्युत पोलको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय - गरिनेछ।
2. हालसम्म विद्युत सेवा नपुगेका स्थानहरुमा उच्च प्राथमिकताका साथ केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरी सबै वडाका बस्तीहरुमा आगामी २ वर्ष भित्र विद्युत विस्तार गरिसक्ने नीति लिइनेछ ।
3. नगरभित्रका महत्वपूर्ण सडकहरुमा विद्युत तथा सौर्य बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
4. नगरपालिका भित्र वैकल्पीक उर्जा संम्बन्धी नीती, कानुन, मापदण्डलाई कार्यान्वयन गरिनेछ ।

**३. भु-उपयोग र व्यवस्था :**

1. भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा जग्गाविहीन घर परिवारको लागि आवास कार्यक्रम मार्फत वास्तविक सुकुम्वासी पहिचान गरि जग्गा व्यवस्थापन गराउने कार्यलाइ तीव्रताका साथ अगाडी बढाइने ।
2. मिर्चैया नगरपालिकालाई स्मार्ट सिटीको रुपमा अगाडी बढाउन नगर क्षेत्रको जमिनलाई भू-उपयोग निति अनुसार जग्गाको वर्गीकरण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
3. नगरपालिकाको मुख्य सहरी क्षेत्रको जनघनत्त्वलाई समानान्तर )Balance) गर्न ग्रामीण वडाहरूमा नयाँ सहर परियोजनाको अवधारणालाई अगाडि बढाइनेछ।
4. नगरका सार्वजनिक जमिन पहिचान तथा संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाई सो जमिन आवश्यकता अनुसार सार्वजनिक हितका लागि प्रयोगमा ल्याइनेछ ।
5. नगरभित्रका सबै सडकको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको प्रारम्भ गरिनेछ।
6. मिर्चैया नगरपालिकाको एकीकृत सहरी विकास आयोजना )Integrated/Comprehensive urban development plan) IUDP तयार गरिने छ ।
7. औद्योगिक ग्राम सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

**४. सुचना तथा संचार :**

१. नगरपालिकाको काम कारवाही तथा जानकारीहरु प्रदान गर्न Digital Display Board स्थापना गरिनेछ ।

२. नगरपालिकाले हरेक काम कारवाही वेबसाइट, इमेल, अनलाइन नेटवर्किंग जस्ता विद्युतिय संचार माध्यमको प्रयोग गरी नगरपालिका अर्न्तगत सबै वडाहरुलाई विद्युत्तिय सञ्चारसँग आवद्ध हुने अवधारणा प्रयोगमा ल्याउने नीति लिइनेछ ।

३. नगरपालिकाको ऐलानी एवं अव्यवस्थित जग्गा अभिलेखीकरण, सार्वजनिक सम्पत्ती अभिलेखीकरण, घर नक्सा पास, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख, नगरको जिन्सी अभिलेख जस्ता कार्यहरुलाई पूर्णरुपमा डिजिटाइजेशन गरी व्यवस्थित गरिने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

४. आम नागरिकहरुलाई संविधान प्रदत मौलिक हकको रुपमा रहेको सुचनाको हक लाई कार्यान्वयन गर्न डिजिटल नागरिक बडापत्र लाई प्रयोगमा ल्याइनेछ।

५. आम नगरपालिकाबासीलाइ हरेक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले रेडियो कार्यकम परिवर्तन संवाहकलाई निरन्तरता दिइनेछ र रेडियो पत्रिका र अनलाईन सञ्चार माध्यमसँगको सहकार्यलाई

निरन्तररुपमा अघि बढाइनेछ। सुचना प्रविधिमैत्रि नगरपालिकाको रुपमा चित्रित गर्ने उद्देश्यले नगरपालिका भवन र वडा कार्यालयको भवनमा जडित सिसिटिभिको उचित ढङ्गले मर्मतसम्भार गरी सुचारु गरिनेछ ।

६. राज्यको चौथो अङ्गको रुपमा रहनुभएका पत्रकारहरुको क्षमता विकासकालागि निश्चत मात्रामा बजेट विनियोजन गरीनेछ।

७. आम परिवर्तनबासीहरुको जनगुनासो लाई सुनेर यथासमयमा समाधानको उपायहरु सुझाउनको लागि टोल फ्री नम्बर सुचारु गरिनेछ ।

८. **Digital Village Profile** को लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९. सूचना र प्रविधिको माध्यमबाट नगरपालिकामा सेवाग्राहीको गुनासो लिने र सम्बोधन गर्ने परिपार्टीको विकास गरिनेछ ।

१०. नगरपालिकामा एकजना सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा समितिले तोकेको एक जना सूचना अधिकारी मार्फत नगरपालिकावासीहरुलाई सूचना अधिकारीको हैसियतमा सूचना प्रदान गर्ने कार्य गरिनेछ ।

११. नगरको सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरू व्यवस्थित र सुरक्षित राख्ने प्रवन्ध मिलाइनेछ।

१२. वित्तिय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिवृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरुस्त र कम्प्युटराईज गरिनेछ ।

१३. सामाजिक परिक्षण, नागरिक वडापत्र, सबै वडाहरुमा वडा स्तरिय र नगरमा नगरस्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि सेवालाई प्रभावकारी वनाईनेछ। योजनाहरुको प्रभावकारी कार्यान्वयनकारी अनुगमनलाई तिव्रता दिईनेछ ।

१४. मिर्चैया नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको हाजिर रजिस्टर २०८२ श्रवण १ गते देखी पूर्ण रुपमा बन्द गरी डिजिटल हाजिरलाई मात्र प्रचलनमा ल्याइनेछ। यसलाई कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरी कर्मचारी मूल्याङ्कनको महत्वपूर्ण सूचकको रुपमा स्थापित गरिनेछ।

१५. **नगरबासीसँग मेयर सम्वाद कार्यक्रम"** मार्फत मासिक रूपमा नगरबासीको प्रत्यक्ष गुनासो सुनुवाइ हुने व्यवस्था गरिनेछ।

**गसामाजिक विकाश क्षेत्र (**

<u>**१. शिक्षा विकास :**</u>

1. **"हाम्रो विद्यालय, राम्रो विद्यालय"** दिर्घकालिन रणनीति तयार गरि कार्यान्वयनमा लाइनेछ ।
2. प्रारम्भिक वालविकासमा जोड दिदै सहयोगी कार्यकर्ता र विद्यालय सहयोगीलाइ दिदै आएको पारिश्रमिकलाइ निरन्तरता दिइने छ ।
3. यस नगरपालिका भित्रका विद्यालयको सिकाइ सुधारको रुपमा रहेको **विद्यार्थीसग मेयर कार्यक्रम**लाइ सवै समुदायिक तथा सस्थागत विद्यालहरुमा अभियानका रुपमा निरनतरता दीइनेछ ।
4. अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु बीच गुणस्तरीय शिक्षाका लागि जागरण तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

5. सामुदायिक विद्यालयमा भएको विद्यार्थीसंग मेयर कार्यक्रमा विद्यार्थीवाट आएका सिकाइ सुधारको अपेक्षालाइ परीपुर्ति गर्न बैकल्पिक सिकाइ प्रणाली अपनाइने छ ।
6. मोहन मावि मिर्चैयामा गरिएको **सिकाइ भरपाइ** परिक्षण प्रणालीले अपेक्षित नतिजा दिएको हुँदा अगामी आ. व. मा विद्यालयहरुमा यो कार्यक्रम लागु गरिने छ ।
7. कक्षा ८ को अन्तिम परीक्षालाइ थप व्यवस्थित बनाउदै आगामी वर्ष कक्षा ५ को बाह्य परीक्षा पनि नगरस्तरीयरुपमा सन्चालन गरिने छ ।
8. संस्थागत विद्यालयमा रहेको अभिभावकहरुको गुनासो न्युनीकरण गर्न यस वर्षवाट नगर प्रमुख तथा शिक्षा शाखाको पहलकदमीमा गरीएको पाठ्यपुस्तक एकरुपतालाइ धन्यवाद दिदै आगामी वर्ष थप कडाइकासाथ लागु गरिने छ ।
9. नगरपालिकाको सामर्थ्य अनुसार विद्यालय सुधार योजना (SIP) का आधारमा भौतिक तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ ।
10. विद्यार्थी संख्या न्यून रहेका सामुदायिक विद्यालयहरु (merge) गाभ्ने र दरवन्दि मिलान कार्य अनिवार्यरुपमा गरिने छ ।
11. सामुदायिक विद्यालयको भौतिक र शैक्षिक पक्ष सुधारको लागि विद्यालय मर्मत शैक्षिक तथा खेलकुद सामाग्री वितरणका कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
12. स्थानीय पाठ्यक्रमसंग सम्बन्धित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण गरि विद्यालयहरुमा लागु गरिनेछ ।
13. सामुदायिक विद्यालयमा न्युनतम कक्षा कोठाको अभाव नहुने गरि विद्यालय भवन निर्माण गर्नका साथै जस्ताको छाना मुनि फल्स सेलिंग, कार्पेटिंग (carpeting) र स्कुल कलर कोड (School Color Code) अनुसार रंगरोगन गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ । सुरक्षित विद्यालयको अवधारणा अनुरुप सबै सामुदायिक विद्यालयमा First Aid Kit Box उपलब्ध गराउनुको साथै विपत जोखिम न्यूनीकरणमा जोड दिइनेछ ।
14. निशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयन गर्न अनाथ तथा असहाय कक्षा ११ र १२ सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीलाइ छात्रवृति प्रदान गरीने छ ।
15. रोजगार सेवा केन्द्रको सहभागितामा विद्यालय सौन्दर्यकरण तथा हरियाली प्रवर्द्धन कार्यक्रम संचालन गरीनेछ ।
16. सामुदायिक विद्यालयलाइ एकरुपता कायम गर्न र नियमिता बढाउन इ-हाजिर तथा शैक्षिक क्यालेन्डर सग तलव निकासा जोडिनेछ ।
17. विद्यार्थी संख्या उच्च रहेका विषयगत शिक्षक संख्या नभएका विद्यालयहरुलाइ सिकाइ अनुदान दिइने छ ।

१८. विद्यालयहरुमा विद्यार्थी संख्याको अधारमा शिक्षक पूर्ति र अंग्रेजी माध्यम संचालनका निम्ति स्वमसेवक शिक्षक व्यवस्थापनका लागि आवश्यक वजेट विनियोजन गरि उक्त कार्य लाइ सुचारु गरिनेछ ।

१९. विधालयको शैक्षिक गुणस्तर अभिबृधि गर्नुको साथै बिधार्थीको हस्तलेखन सुधार गर्न सुन्दर लेखन कार्यक्रम संचालन गरिनेछ ।

२०. संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरुलाई क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था मिलाइनेछ ।

२१. स्थानीय विषयको आधारभूत तहमा पाठ्यपुस्तक लेखन कार्य अगाडी बढाइनेछ ।

२२. प्राबिधिक धारको शैक्षिक गुणस्तर अभिबृधि गर्न प्रयोगात्मक तथा परियोजना कार्यलाई थप जोड दिईनेछ ।

२३. निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयन गर्न अनाथ, विधुवा, गम्भीर अङ्गभङ्ग तथा असहाय भएका घरपरिवारका बालबालिकालाइ कक्षा ११ र १२ सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीलाइ छात्रवृति प्रदान गरीने छ ।

२४. संघिय सरकारद्वारा ल्याइएको शिक्षक बैंकको नीतिलाई अबलम्बन गरिनेछ ।

२५. विज्ञान विषयमा अध्यन गर्ने कक्षा ११ र १२ का विद्यार्थीहरुलाई दिदै आएको छात्रवृतिलाइ निरन्तरता दिइनेछ ।

## २. स्वास्थ्य :

१. "मिर्चैया अस्पताल सबैको अस्पताल" भन्ने नारालाई आत्मसाथ गर्दै मिर्चैयाबासीलाई सर्वसुलभ ढङ्गले आधारभूत स्वास्थ्य सेवाका साथै बिरामी भर्ना, आकस्मिक सेवा, CEONC सेवाको पहुँच तथा गुणस्तर अभिव्रिधि गरिनेछ ।

२. मिर्चैया अस्पतालमा स्थापना भएको सिमुलेसन ल्याबलाई विस्तार गरि जिल्लाका सबै अस्पताल तथा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको क्लिनिक सिप विकास केन्द्रको Health Simulation Center रुपमा प्रवर्धन गरिनेछ ।

३. नगरपालिका भित्रका सबै वडामा पाठेघरको मुखको क्यान्सर स्क्रिनिंग ,स्तन क्यान्सर ,आँखा जांच शिविर तथा विभिन्न आवश्यक किसिमका निशुल्क शिविरः संचालनका लागि व्यवस्था मिलाइनेछ ।

४. मिर्चैया नगरपालिका भित्र रहेका जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य विमाका लागि आवश्यक वजेट विनियोजन गरि आगामी वर्ष देखि उक्त कार्यक्रम संचालन गरिनेछ ।

५. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई निसर्वसुलभ ,शुल्कः, जनमुखी र गुणस्तरीय बनाइने कार्यलाई निरन्तरता दिइनेछ ।

६. गाउँघर क्लिनिक र खोप् सेवालाइ थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

७. मिर्चैया अस्पतालमा थप विशेषज्ञ हाडजोर्नी, मुटु रोग, र रेडियोलोजिस्ट डाक्टरको व्यवस्था मिलाइनेछ ।

८. मिर्चैया असपतालमा अधुरो NICU भवन निर्माण कार्य पुरा गरिनेछ ।

९. छाला रोग सम्बन्धि शिविर संचालन गरिनेछ ।

१०. ५ वर्ष मुनिका कुपोषित बालबालिकाको लागि पोषणयुक्त सामाग्री व्यवस्था गरिनेछ ।

११. मिर्चैया नगरपालिकाको एक मात्र अस्पतालमिर्चैया अस्पतालबाट जनताले पाइरहेको सुविधा जस्तै प्रसुती , शःबाल रोग विशेषज्ञ सुविधालाई र महिलाहरुलाई दिदै आइरहेको नि ,तथा स्त्री रोग विशेषज्ञुल्क शल्यक्रिया )LSCS सेवालाइ निरन्तरता दिदै विशिष्टीकृत अस्पतालको रुपमा विकाश गर्दै लइजानेछ (।

१२. महामारीको रोकथामका लागि पुर्व तयारी योजना निर्माण गरि श्रोत साधन सहितको प्रतिकार्य समुह निर्माण गरिनेछ ।

१३. घुम्ती सेवा गुणस्तरीय औषधि सामाग्रीको नियमित आपूर्ति ,गरि स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाइनेछ ।

१४. मिर्चैया अस्पतालमा सल्यक्रियाबाट सुत्केरी हुने नगरवासी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध : हुदै आएकोमाथप गरि सुत्केरी आमालाइ क्याल्सियम र आइरन जक्की निःशुल्क प्रदान गर्ने र आर्थिक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन HMIS का तथ्यांकलाइ विश्लेषणमा आधारित भइ स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीको प्रयोग तथा उपयोगलाई सबै स्वास्थ्य संस्था सम्म विस्तार गर्ने र डिजिटलाइज गर्दै लगिने छ ।

१६. महिलाहरुको पाठेघरको मुखको क्यान्सर तथा अन्य शल्यक्रियाहरुको सफल परिक्षण गर्न व्यवस्था मिलाइनेछ ।

१७. स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि र पूनरताजगीका तालिमको व्यवस्था गरिनेछ ।

१८. बालबालिकाजेष्ठ नागरिक लगायत लक्षित समुहको लागि विशेष स्वास्थ ,महिला ,्य कार्यक्रम संचालन गरिनेछ ।

१९. नगरपालिका भित्र संचालनमा रहेका निजि अस्पतालआयुर्वेद ,क्लिनिक ,पोलिक्लिनिक डायग्नोष्टिक सेन्टर , औषधि पसल आदि स्वास्थ्य संस्थाहरुको अनुगमन तथा नियमन गरि गुणस्तरीय ,अस्पताल तथा क्लिनिक स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गरिनेछ।

२०. नगरपालिका भित्र कोभिडलगायत डेंगु जस्ता संक्रामक रोगहरुको निगरानी १९-, रोकथामनिदान ,, उपचार तथा व्यवस्थापनका लागि बहु निकाय समन्वय गरि सबै संयन्त्र परिचालन गरिनेछ ।

२१. मिर्चैया अस्पतालमा दिदैं आएको स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउनका निम्ति वडा स्तरमा स्वास्थ्य विमा कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।

२२. पुर्णखोप सुनिश्चितता उपलब्धिको दिगोपनाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२३. क्षयरोग नियन्त्रण कार्यक्रमलाइ प्रभावकारीरुपमा अगाडी बढाउदै मिर्चैया नगरपालिकालाई **क्षयरोग मुक्त )TB Free(** नगरपालिकाको रुपमा घोषणा गर्न सम्बन्धित संस्थाहरुको समन्वयमा संचालित कार्यक्रमलाइ थप प्रभावकारी बनाइनेछ ।

२४. छिमेकी पालिकाको जनतासमेतलाई पायक पर्ने तथा नेपालको मौलिक चिकित्सा आयुर्वेद चिकित्सा पद्धतीबाट सेवा प्रवाह गर्दै आइरहेको मिर्चैया आयुर्वेद औषधालयको भौतिक संरचना आधुनिकीकरण तवरले सुधार गर्न संघ वा प्रदेशसंग आवश्यक समन्वय गरि नगर आयुर्वेद अस्पतालको रुपमा स्तरोंन्नीति गरिने नीति लिइनेछ ।

२५. **"स्वस्थ नगरवासीसमृद्ध नगर ,पालिका** "भन्ने मूलनारा संगै स्वस्थ जीवनशैली अबलम्बनको लागि आहार विहार र विचार परिवर्तन गर्न विभिन्न जनचेतनामुलक पुस्तक,,पम्प्लेट र ब्रोसर जस्ता सामग्रीहरु व्यक्ति,समुदाय र विद्यालयसम्म वितरण गरिने नीति लिईएको छ ।

२६. जेष्ठ नागरिकहरुको तथ्यांक संकलन गरेर नियमित शारीरिक जाँच गरि रसायन औषधिको प्रयोग र योगको माध्यमबाट स्वास्थ्य संरक्षणप्रवर्धन र उचित परामर्श दिने व्यवस्था मिलाइने छ । ,

२७. **उद्यमसँगै जनजीविका", प्याड उत्पादनमा स्वयंसेविका"** नामक कार्यक्रम सञ्चालनमा ल्याउने र नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्यानिटरी प्याड उत्पादनका लागि समुहमा आवद्ध गरिने र सोही समुह मार्फत् उत्पादित स्यानिटरी प्याड नगरपालिकाले खरिद गरी स्वयंसेविका मार्फत **निःशुल्क वितरण** गर्नेसम्मको व्यवस्था मिलाइनेछ।

२८. क्यान्सर लागेका, मुटुको शल्यक्रिया गर्नुपर्ने, मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी, प्यारालाइसिस जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्य उपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक गतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले **"नागरिक उपचार सहायता कोष"** को स्थापना गरिनेछ।

२९. आङ खसेका महिलाहरुलाई निःशुल्क उपचारका लागि व्यवस्था मिलाउनेछ।

३०. पोषण, सुरक्षित मातृत्व सम्बन्धी तथा अन्य आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ र बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणमैत्री स्थानीय शासन घोषणाका लागि आधार तयार गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३१. नगरमा प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, परिवार नियोजन, विभिन्न खाले सर्ने, नसर्ने रोगहरु, पेशागत स्वास्थ्य, वातावरणीय स्वास्थ्य, मानसिक स्वास्थ्य सुर्तीजन्य र मदिराजन्य पदार्थ तथा लागुपदार्थको असर सम्बन्धी स्वास्थ्य, शिक्षा तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३२. एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, असहाय वालवालिका, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि राज्यको तर्फवाट सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवा निःशुल्क प्रदान गर्न आवश्यक समन्वय गरिनेछ ।

३३. औषधी उपचारको क्रममा आर्थिक समस्यामा परेका हरुको लागि आवश्यक कार्यविधि तयार गरि आर्थिक सहयोगको व्यवस्था मिलाईने छ ।

३४. स्वास्थ्य विमा गराउन सबै नगरपालिकाबासीलाई सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३५. प्राकृतिक प्रकोप एव विपत्तीका कारणले मृत्यु भएका विपन्न व्यक्तिको लागि निःशुल्क सववहान नगर - क्षेत्र भित्र नगरवासीहरुलाई उपलब्ध गरिने छ ।

३६. पाँच वर्ष मुनिका बालबालिकाको मृत्यूदर घटाउन सुरक्षित मातृत्व, शिशु स्याहार, पोषण कार्यक्रम र खोप सेवा थप प्रभावकारी बनाइनेछ|

37. मुख्यमन्त्री घर दैलो स्वास्थ्य सेवा कार्यक्रमलाइ आत्मसाथ गर्नका निम्ति आवश्यक नीति र कार्यविधि निर्माण गरि सम्बन्धित सरोकारवालासंग समनव्य गरि संचालन गर्न पहल गरिनेछ ।
38. लागु औषधी तथा दुर्व्यशनीमा लागेका व्यक्तिहरुलाइ निरुत्साहित गर्नका निम्ति "टोल टोलमा बोल कार्यक्रम" अन्तर्गत सडक नाटक, अभिमुखीकरण कार्यक्रम, स-चेतना मुलक कार्यक्रम लगायत अन्य कार्यक्रम संचालन गरिनेछ ।

## ३. खानेपानी तथा सरसफाई

1. मिर्चैया न.पा.को वडा नं. ४,५,६,७ र ८ मा संचालित तेस्रो साना तथा सहरी खानेपानी योजना प्रदेश सरकार र संघिय सरकारसंग समन्वय गरि पानीको गुणस्तरमा सुधारका लागि फिल्टर प्लान्टको व्यवस्थापन गरि स्वच्छ खानेपानीको व्यवस्थित सहित विस्तार गरिनेछ ।
2. वडा नं. १,२,३,९,१०,११ र १२ मा खानेपानीको लागी ओभरहेड टयाकींको लागी जग्गा व्यवस्थापन गरि प्रदेश र संघिय सरकारसंग अनुरोध गरि वजेट व्यवस्थापन गराई **एक घर एक धारा**को अवधारणाको कार्यक्रम ल्याईनेछ ।
3. कालो पत्रे सडक वा ढलान गरि निर्माण भइसकेको सडक वाटोमा फोहर फालने छुट्टा छुट्टै फोहर फाल्ने ड्रमको व्यवस्थापन गरिनेछ र नियमित व्यवस्थापन गरिनेछ ।
4. फोहर संकलनका लागि निजी क्षेत्रसंग साझेदारी गरी फोहर संकलन तथा ब्यवस्थापनको लागि पाईलट कार्यक्रम सञ्चालन गरीनेछ ।
5. सार्वजनिक जग्गालाई संरक्षण गर्दै हरियाली पार्क निर्माण गरिनेछ ।
6. निर्माण कार्य पुरा भएको सडकको पेटिहरुमा बृक्षारोपण कार्यक्रम गरि हरियालि घरको अवधारणालाई जोड दिदै एक घर कम्तीमा चार विरुवा लगाउन प्रोत्साहन गरीनेछ ।
7. फोहोरमैला व्यवस्थापनको लागि ल्यान्डफिल्ड साइट निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखि निर्माण गरीनेछ ।
8. नगरपालिकाबाट लागत सहभागिताको आधारमा धुवा रहित चुलो बितरण कार्यको व्यवस्था मिलाइने छ।
9. प्रत्येक घरधुरीबाट उत्पति हुने फोहोरलाई उत्पत्तिस्थलमै कुहिने र नकुहिने फोहोरमा वर्गीकरण त्यसको यथोचित व्यवस्थापन गर्न **"म फोहोरको वर्गीकरण गर्छु, हामी फोहोरको व्यवस्थापन गर्छौं"** नामक अभियान सञ्चालनमा ल्याइनेछ।
10. अत्यधिक आवागमन हुने सार्वजनिक स्थलहरुको पहिचान गर्दै त्यस्ता स्थानहरुमा प्रत्येक आर्थिक वर्ष कम्तीमा एउटा सार्वजनिक शौचालय निर्माण गर्दै जाने व्यवस्था मिलाइनेछ।
11. नगरपालिका स्तरमा नै जलस्रोत समिति दर्तालाई निरन्तरता दिइनेछ ।
12. खानेपानी तथा सरफाई गुरुयोजना अनुरुप खानेपानीका योजनाहरु संचालन गरिनेछ । साथै विकास साझेदार संस्थासंगको साझेदारीमा थप नयाँ खानेपानी योजनाहरु संचालन गरिनेछ ।
13. खानेपानीको योजना निर्माण गर्दा अनिवार्य रुपमा मर्मत सम्भार कोषको स्थापना गर्नुपर्ने नीति ल्याइनेछ ।
14. खानेपानीको स्रोत विस्तार एवं व्यवस्थापनका लागि उचित स्थानहरूमा डिप बोरिङ लगायतका संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गा व्यवस्थापनका लागि सम्बन्धित वडासँगको समन्वयमा कार्यान्वयनमा ल्याइने छ।

15. विगत लामो समयदेखी खानेपानी योजनाको माग भई DPR समेत तयार भएर संचालन गर्न नसकिएका वृहत खानेपानी योजनाहरुलाई संघ, प्रदेश र नगरको सह लगानीमा निर्माण कार्यको थालनी गर्न पहल गर्ने नीति लिईएको छ।
16. **स्वच्छ पिउने पानीको व्यवस्था तथा स्वच्छ वातावरणमा जिउन पाउने संविधान प्रदत्त मौलिक हक** प्रति यस नागरपालिका सचेत र सजग रहेको छ। सबै नगरपालिकाबासीहरुलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्न स्थानीय सरकार अग्रसर रहिरहेको छ र यसै नीतिलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

**४. भाषा, साहित्य, कला, संगीततर्फ**

१. समाजको ऐनाको रुपमा पहिचान बनाएको भाषा, साहित्य, संस्कृक्ति, कला, गला, संगीत लगायतका सिर्जनालाई प्रष्फुटन गराई व्यपकता बनाउने र संरक्षण गर्ने कार्य गरिनेछ ।
२. जात जाती मौलिका भेष भूषा, भाषा र संस्कृतिको संरक्षणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
३. ऐतिहासिक कला संस्कृति र साहित्यको माध्यमवाट नगर र नगरवासीको पहिचानमा कलम चलाउने साहित्यिक व्यक्तित्वहरुको लेख रचना र व्यक्तिहरुको सम्मान तथा पुरस्कारको कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।
४. सांस्कृतिक पहिचान सहितको श्रव्य दृश्य सामग्री निर्माण गर्न सहयोग गर्ने नीति लिएको छ।
५. सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने वातावरण सृजना गरिने छ ।

**५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

1. महिलाहरुको क्षमता अभिवृद्धि गरि आर्थिक स्थितिमा सुधार गर्न र घरेलु हिंसा, महिला हिंसा, कुप्रथा, बेचबिखन तथा सामाजिक विकृति अन्त्य गर्न **"उप-प्रमुखसंग महिला कार्यक्रम"** गरिनेछ ।
2. नगरपालिकाका सबै वडाहरुमा बालमैत्री कार्यक्रमहरु संचालनमा गरिनेछ र वडाहरुलाई क्रमशः बालमैत्री बनाइनेछ ।
3. विपन्न वर्ग, दलित, र सिमान्तकृत सामूदायमा सामुदायिक भवन निर्माण गरिनेछ ।
4. वालश्रम मुक्त नगर निर्माण गर्न नीति लिइनेछ र वालकोष स्थापना गरिनेछ ।
5. स्थानीय वालकल्याण समिति, वडा स्तरीय बाल कल्याण समिति गठन र वाल क्लब स्थापना गरि क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
6. वाल विवाह र बहु विवाहलाइ अन्त्य गर्न र गराउन नीतिगत र सामाजिक सचेतीकरणमा जोड दिईनेछ ।
7. अपाङ्गता भएकाहरुको क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रम संचालन गरिने छ ।
8. **"विकास निर्माणमा सम्मान जिम्मेवारी"** भन्ने नीति अनुसार नगरको हरेक विकासको कार्यहरुमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।
9. महिलाद्धारा संचालित घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिईनेछ ।
10. सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइने छ ।
11. हिंसा पिडित महिला, युवा तथा बालबालिकाहरुको लागि सेफहाउस सञ्चालनमा ल्याइएको छ ।

१२. सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री लैंगिकमैत्री तथा स्तनपान कक्षको अनिवार्य निर्माण गरि सेवा प्रदान गर्ने नीति अख्तियार गरिनेछ ।

१३. लैगिक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराधजन्य कार्यलाई नियन्त्रण र निरुत्साहित गर्ने नीति लिइनेछ ।

१४. सामाजिक रूपान्तरण मार्फत गरिवी न्युनीकरणलाई सहयोग पुर्याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदाय तथा अल्पसंख्यक आवाज अभिवृद्धि गर्न र सेवा प्रवाहमा पहुँच अभिवृद्धि गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१५. जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति एकल महिला, दलित, आदिवासी जनजाती लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षणमा ध्यान दिइनेछ ।

१६. बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिले निर्दिष्ट बजेटमा निश्चित प्रतिशत हुने गरी तर्जुमा गर्ने पद्धतिलाई अंगिकार गरीनेछ ।

१७. **उपमेयरसँग महिला भेटघाट कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।

१८. लैङ्गिक हिंसा निवारण कोषमा कम्तिमा वार्षिक रु १०००००/- (अक्षेरुपी एक लाख रुपैया) रकम जम्मा गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनि परामर्श उपचार खर्च तथा जिविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराइने छ ।

१९. लैङ्गिक हिंसा, वालविवाह, सामाजिक विभेद, शोषण, कुरिति, अन्धविश्वास हटाउन टोल विकास संस्था, आमा समूह, युवा क्लब, वालसमुह लगायत सामुदायिक स्तरका संस्थाहरु लाई स्वयंसेवि रुपमा परिचालन गरिने छ।

२०. नगरपालिका को बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण )GESI AUDIT) लाई निरन्तरता दिईनेछ ।

२१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रबर्द्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाती, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्न आवश्यक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२. महिलाहरुलाई सीपमूलक तालिम प्रदान मार्फत क्षमता अभिवृद्धि गरि उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. लैङ्गिक हिंसा न्यूनीकरणका लागि सरोकारवाला निकायहरुसँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. महिला मात्र उपभोक्ता रहेका उपभोक्ता समितीलाई बढी प्राथमिकता दिइनेछ ।

२५. लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिम हिंसा प्रभावितहरूलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२६. विशेष संरक्षणको आवश्यकता भएका असहाय, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, सहयोगापेक्षी सडक मानवहरूका लागि संरक्षण सेवा प्रवाह गर्ने व्यवस्थाका लागि संघ तथा प्रदेश सरकारसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

27. **"हाम्रा बालबालिका हाम्रो भविष्य"** भन्ने मान्यता अनुसार बालमैत्री शासन पद्दति अनुरुप बालमैत्री स्थानीय वडा समितिको गठन र परिचालनमा जोड दिनुका साथै बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ ।
28. परिवार, समुदाय तथा विद्यालय तहमा किशोरीमैत्री वातावरण बनाउन विभिन्न सचेतनामूलक अभियान सञ्चालनमा जोड दिइनेछ ।

## ६. युवा तथा खेलकुद

1. आ.व. २०८१/०८२ बाट संचालन भएको मेयर गोल्डकप र मेयर क्रिकेट प्रतोयोगिताको शृंखलालाइ विस्तृतिकारण गरिनेछ ।
2. स्थानीय स्तरमा रहेको स्वमसेवकलाइ पहिचान गरि परिचय पत्र उपलब्ध गराइनेछ ।
3. विद्यालय स्तरका खेलाडी पहिचान, अभिवृधी र खेल उर्जालाइ अग्रसर गर्नका निम्ति "मेयर रनिङ्ग शिल्ड प्रतियोगिता" संचालन गरिनेछ ।
4. नगर युवा सञ्जाल तथा वडा युवा क्लवमा आवद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै विभिन्न विधामा युवा प्रतिभा प्रदर्शनका प्रतियोगिता आयोजना गरि अवसर प्रदान गरिनेछ ।
5. खेलकुद विकासका लागि नगर खेलकुद विकास समितिको नेतृत्वमा खेल संघसंस्था तथा खेलकुद क्लवसँगको समन्वयमा बिभिन्न विधामा प्रतियोगिता आयोजना गरी राष्ट्रिय पहिचान अभिवृद्धि गर्ने खेलाडी विकासमा जोड दिइनेछ ।
6. मोहन नमुना माध्यमिक विद्यालयका खेल मैदानलाइ स्तरीकरण गरिनेछ र अन्य प्रदेश र संघिय सरोकारवालाहरु संग समन्वय गरि बिभिन्न खेल प्रतियोगिता र खेलकुद क्याप संचालन गरिनेछ ।
7. राष्ट्रिय, प्रदेश तथा जिल्ला स्तरीय खेलमा पदक जित्ने नगरवासी खेलाडीलाइ पुरस्कार तथा सम्मान प्रदान गरि खेलकुद क्षेत्रलाइ सम्मानित क्षेत्रका रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
8. खेलकुद क्षेत्रको विकासका लागि आन्तरिक खेलकुद )Indoor Gameलाइ प्रोत्साहन र उजागर गर्न ( कभर्डहल निर्माणका लागि आवश्यक श्रोत उपलब्ध गराइनेछ।
9. लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्नका लागि सरकारी, गैर सरकारी र निजि क्षेत्र सहकार्यमा मनोपरामर्श तथा पुर्नस्थापना गर्न सहयोग पुर्याउने सहित जनचेतना र जागरणको कार्यक्रम संचालन गरिनेछ ।
10. खेलाडीहरुको क्षमता अभिवृद्धिको लागि प्रशिक्षकको व्यवस्था गरि खेलाडीहरुलाई प्रशिक्षण दिनका लागि बजेटको व्यवस्था गरिनेछ ।
11. नगरपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई क्रियाशील गराउने नीति लिइनेछ।
12. नगरका उपयुक्त स्थानहरुमा खुल्ला व्यायाम शालाको स्थापनामा सहयोग गर्ने नीति लिईनेछ ।
13. स्थानीय यूवा तथा बालक्लवहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ ।
14. **"युथ पार्लियामेन्टको अभ्यास"** लगायतका कार्यक्रममार्फत नगर युवा सञ्जाल तथा वडा युवा क्लवमा आवद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ
15. युवा उद्यमीहरुलाई व्यवसाय संचालनमा प्रोत्साहन गर्ने नीति लिईएको छ।
16. खेलकुद सम्वन्धिको पञ्चवर्षीय योजना निर्माण गरि लागू गरिनेछ ।

## ७. सामाजिक सुरक्षा तथा संरक्षण

1. जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरुको दर्ता प्रणालीलाई अनिवार्य रुपमा अनलाइन (MIS) का माध्यमबाट अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्यांकहरुको विश्षलेषण गरी योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।
2. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न बैंकिङ्ग प्रणाली र EFT मा आवद्ध गरिएकोमा यस प्रक्रियालाई निरन्तरता दिइनेछ ।
3. ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड प्राप् (क बर्गको)त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक र नगरपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोसम्म गई सामजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक तथा वित्तीय संस्था मार्फत हिसाव मिलान गरिनेछ ।
4. व्यक्तिगत घटना दर्ता समयमै दिन भित्रै ३५)) सम्बन्धित वडामा दर्ता गर्न गराउन लागि सचेतनामुलकअभिमुखीकरण/, घरदैलो तथा अभियान कार्यक्रम संचालन गरिनेछ ।
5. अपाङ्गता भएका व्यक्तिहरुका लागि उद्यमशीलता र स्वरोजगारीको अवसरको वातावरण सृजना गरिनेछ ।
6. ज्येष्ठ नागरिक स्याहार तथा हेरचाह केन्द्र, मनोरञ्जन पार्क, धार्मिक तथा आध्यात्मिक पार्क क्रमिक रुपमा स्थापना तथा विस्तार गरिने।

### : सुशासन (घ)

## १. सुशासन तथा संस्थागत विकास

1. नगरको कार्यसम्पादनको गुणस्तरको सम्बन्धमा सुझाव तथा जनगुनासो सुन्न र समाधान गर्नका लागि **"हेलो मेयर कार्यक्रम"** संचालन गरिनेछ ।
2. **"हाम्रो मिर्चैया, डिजिटल मिर्चैया"** तयार गर्न मिर्चैया नगरको डिजिटल प्रोफाइल तयार पारिनेछ ।
3. नेपालको संविधान अनुसार स्थानीय तहको अधिकारसुचिमा **नगर प्रहरी** सम्बन्धि व्यवस्था छ । नगरपालिकाको क्षेत्र र कार्यजिम्मेवारीका आधारमा विधमान दरवन्दी संरचनाबाट कानुनको कार्यान्वयन र बजार अनुगमन तथा नियमन कार्य वान्छित रुपमा संचालन हुन सकेको छैन । यसलाई प्रभावकारी बनाउन आगामी आ.व. पद्सोपान सहित नगर प्रहरीको पदपूर्ति गरिनेछ ।
4. नगरमा हाल प्रयोगमा आइसकेको अनलाइन राजश्व प्रणाली, अनलाइन सिफारिस, अनलाइन पंजीकरण, अनलाइन राष्ट्रिय परिचयपत्र वितरण, बायोमेट्रिक हाजिरी लगायतका प्रविधिको अझै विकास गरि सेवा प्रवाहलाई शिघ्र, सहज पारदर्शी र गुणस्तरीय बनाइनेछ ।
5. सहरी क्षेत्रको आवश्यकता अनुसार CCTV र गाउँघरमा तथा बजारमा Free-Wifi Zone, सुचना बोर्डहरु बनाइ समार्ट नगर निर्माण गरिनेछ ।
6. सामाजिक, संस्कृतिक, शैक्षिक, व्यापारी, राजनैतिक, आर्थिक तथा भौतिक क्षेत्रमा विशेष योगदान गरेको नगरवासीहरु तथा संघ संस्थाहरुलाई उच्च सम्मान गरिनेछ ।

७. नगरपालिकाको संथागत क्षमता स्वमुल्यांकन र वित्तीय सुशासन जोखिम मुल्यांकनमा आएका प्राप्तांकलाइ आधार मानी क्षमता विकास र वित्तीय सुशासन कायम गरिनेछ ।

८. यस आ.व. मा मिर्चैया नगरपालिकाको प्रतिक चिन्ह र नगर गान निर्माण गरि लागु गरिनेछ ।

९. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति दिनका लागि सञ्चालन गरिने सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आवधिक समीक्षा तथा अनुगमन कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

१०. PLGSP सँगको साझेदारीमा सुशासन तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गतका कार्यालयहरुबाट यस नगरक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण तथा अन्य सेवा प्रवाहका कार्यक्रमहरु कार्यान्वयनको क्रममा नगरपालिका सँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. विभिन्न NGO/INGO हरुबाट नगर क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमहरु नगरपालिकाको समन्वय र स्वीकृतिमा मात्र सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

१३. नगर कार्यपालिका, वडा कार्यालय तथा अन्य विषयगत कार्यालय मार्फत प्रवाह गर्ने सेवालाई जनमुखी, उत्तरदायी, पारदर्शी, सहयोगात्मक, प्रविधिमैत्री बनाउन नगरपालिकाले स्वीकृत गरेको संगठन तथा ब्यबस्थापन सर्वेक्षणका आधारमा प्रशासकीय पुनर्सरचना गरिनेछ ।

१४. नगरपालिकाको संस्थागत विकास र निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको नियमित क्षमता अभिवृद्धिको लागि वार्षिक रुपमा संस्थागत र कार्यसम्पादन स्वमुल्याङ्कन सम्पन्न गरी सोको कार्ययोजना अनुसार काम गरिनेछ ।

१५. सेवाप्रवाहलाई चुस्त दुरुस्त र जनपेक्षी बनाई घरदैलोमा पुगी सेवा गर्न र सेवाको गुणस्तर सुनिश्चित गर्न घुम्ती नागरिक सेवा शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. कर्मचारी प्रशासनलाई समय सापेक्ष सवल र सक्षम बनाउँदै लगिने छ।

१७. कार्यालयमा हेल्पडेक्स, गुनासो सुनुवाइ तथा समस्या सम्बोधन गर्ने कार्यविधि तयार तथा संयन्त्रको विकास गरिनेछ । विभिन्न माध्यमवाट प्राप्त मौखिक), एसएम एस ., टेलीफोन तथा उजुरीपेटिकानागरिक तथा ( सेवाग्राहीका गुनासो तथा सिकायतहरुको सम्बोधन गरिनेछ ।

१८. भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।

१९. जनताको सु-सुचित हुने अधिकार लाई ध्यानमा राख्दै परिवर्तन नगरपालिका भित्र यस कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा वार्षिक रुपमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. परीवर्तन नगरपालिको सबै गतिविधि र सुचनामा नागरिको पहुंच कायम हुने गरि Mobile application को विकास गरी सञ्चालनमा ल्याउने प्रयत्न गरिनेछ ।

२१. योजना बैंकको अवधारणा अनुरुप बस्ति स्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरि प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

२२. नगरपालिका भित्रका गतिविधिमा एकरुपता ल्याउनको लागि कार्यातालिका सहितको क्यालेन्डर प्रकाशन गरिनेछ ।

२३. आन्तरिक लेखापरिक्षण गर्दा विभिन्न कागजातहरु अपुग हुने देखिएकोले विभिन्न शाखावडा /उपशाखा/ कार्यालयहरुलाई उक्त कागजात मिलाउने सम्बन्धी अभिमुखिकरण तालिम को व्यवस्था गरिनेछ।

२४. लेखापरिक्षण गर्दा खर्च भएर नजाने जिन्सी सामानहरु विभिन्न शाखाबडा कार्यालयले आफै खरिद गरेको / वडा /पाइएको हुँदा उक्त कार्य पूर्ण रुपमा बन्द गराई जिन्सी शाखाबाट मात्र खरिद गरी विभिन्न शाखा कार्यालयहरुलाई माग फाराम भर्न लगाई जिन्सी शाखाबाट नै वितरण गर्नगराउने व्यवस्था मिलाईने / छ।

२५. इन्धनको प्रयोग गर्दा आन्तरिक नियन्त्रण प्रणाली अनुरुप गरिनेछ ।

२६. कर्मचारीहरुलाई अतिरिक्त समयमा समेत काममा लगाउन तथा प्रेरित गर्न आर्थिक क्षमताले भ्याएसम्म प्रोत्साहित गर्ने नीति लिइने छ र उत्कृष्ठ क्षमता प्रदर्शन गर्ने कर्मचारीलाई कार्य क्षमताको आधारमा पुरस्कृत गरिनेछ।

२७. मिर्चैया नगरपालिकाको समग्र विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

२८. प्रत्येक योजनामा सार्वजनिक सुचनापार्टीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियासिलता बढाइने छ ।

२९. खरिद प्रणाली तथा नगरपालिकाको जिन्सीलाई व्यवस्थित बनाइने छ । खरिदको लागि शिलबन्दी र बोलपत्र आहवान गर्दा विद्युतिय बोलपत्रको माध्यमबाट गरिने छ साथै जिन्सीलाई व्यवस्थित गर्न जिन्सी व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गरिनेछ ।

३०. नगरपालिकाले सम्पादन गरेका गतिविधिहरु बारे नगरवासीहरुलाई सुसुचीत गर्न समय समयमा पत्रकार सम्मेलन गरी जानकारी सार्वजनिक गरीनेछ ।

३१. नागरिक वडापत्रलाई समयानुकुल अध्यावधिक गरि स्तरीय बनाउन Digital प्रविधिको प्रयोग गरिने छ ।

३२. नगरपालिकाबाट प्रवाहित सेवा सुविधालाई छिटो छरितो र मितव्ययी ढंगबाट उपलब्ध गराउन निर्णय प्रक्रियालाई छोटियाई प्रशासनिक संयन्त्रलाइ थप सुध्रिढ गरिनेछ ।

३३. फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन, साझा पूर्वाधार निर्माण, सडक संजाल, कानून तर्जुमा, कर निर्धारण, भवन निर्माण मापदण्ड, स्थानीय दररेट लगायतका साझा सरोकारका विषयहरुमा गरिने निर्माणमा एकरुपता ल्याउनको लागि जोडिएका पालिकाहरु समेतको सहभागिता रहने गरी अन्तरपालिका समन्वय संयन्त्र निर्माण गरी क्रियाशिल गराईनेछ ।

३४. अन्तरपालिका असल अभ्यासको आदान प्रदान, स्थानीय सरकारको संस्थागत विकास र अन्तरपालिका समन्वयलाई प्रभावकारी वनाउन एक प्रदेश एक पालिका र अन्तराष्ट्रिय स्तरमा भगिनी सम्वन्ध कायम गरिनेछ ।

३५. नगरक्षेत्र भित्र टोल विकास संस्थाहरु गठन तथा पुर्नगठन गरी टोल विकास संस्थाको क्षमता विकास गर्दै टोल विकास संस्था मार्फत टोल स्तरका आयोजना कार्यान्वयन, फोहोर व्यवस्थापन, सामाजिक सचेतना जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

३६. नगरपालिकाका काम कारवाहीहरुलाई प्रविधिमैत्री बनाउदै क्रमशः **फेसलेश, पेपरलेश** कार्यक्रम संचालन गर्न यस आमा अनुसन्धान गर्ने र उपयुक्त देखिएका विषयहरु तदनुकुल कार्यान्वयन गर्ने प्रणालीको .व. स्थापना गरिनेछ ।

३७. नगरपालिकाको संगठन संरचनालाई समय सापेक्ष परिमार्जन गरी उपयुक्त र प्रभावकारी वनाईनुका साथै वडा सचिवहरुलाई अधिकृतमुखी बनाइनेछ ।

३८. प्रत्येक पदको कार्यविवरण र प्रत्येक सेवाको कामको विवरण तयार गरिनेछ ।

३९. योजना सम्झौता, अपाङ्गता, ज्येष्ठ नागरीक परीचय पत्र वितरण, स्वास्थ्य परीक्षण, पशु सेवा जस्ता सेवाहरु वडास्तरबाट प्रदान गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

४०. नगरपालिकामा सुचनाको हक प्रयोग गरी सुचना माग्न आएका निवेदन सम्वन्धमा दुई पृष्ठ सम्म निःशुल्क र सो भन्दा बढीको हकमा प्रति पृष्ठ रु २० रुपैया लिई सुचना उपलब्ध गराईनेछ ।

४१. प्रत्येक शाखा, वडा तथा संस्थाहरुको त्रैमासिक प्रगति प्रतिवेदन कार्यपालिकामा पेश गर्ने र निरन्तर पृष्ठपोषण दिई सुधार गरिनेछ ।

४२. प्रत्येक सरकारी निकायहरुको त्रैमासिक अनुगमन र मूल्यांकन गर्ने/गराउने र सो को निरन्तर प्रतिवेदन कार्यपालिकामा पेश गरिनेछ ।

४३. कर्मचारीहरुलाई Right person in right place को नीति वमोजिम जिम्मेवारी प्रदान गरिनेछ ।

४४. नगरपालिकाका गतिविधिहरु नगरबासीहरुसम्म पुर्याउन, पैरवी गर्न र सम्पादित कार्यहरुलाई जनताको बीचमा ल्याउन सञ्चार क्षेत्रसंग हातेमालो गर्दै सहकार्यलाई निरन्तरता दिइनेछ ।

४५. मिर्चैया नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका रेडियो, टिभि, पत्रपत्रिका, प्रेस क्लव, अनलाईन पत्रिकालाई आवश्यक सहयोग गरिनेछ । नियमित रुपमा पत्रकार भेटघाट कार्यक्रम मार्फत नगरका गतिविधिहरु नगरबासीहरु समक्ष पुर्याइने छ ।

४६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरुको लागत, निर्माणकर्ता, निर्माण अवधि र सबैको आयु समेत उल्लेख गरी अभिलेख खडा गरिनेछ । यस्ता विवरण सबैको जानकारीको लागि नगरपालिका को वेबसाइटमा समेत राखिनेछ ।

४७. **"जसको सवाल उसैको नेतृत्व"** भन्ने मान्यताअनुरुप अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाइमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ र अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

## २. वातावरण संरक्षण

१. प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरूमा वन विस्तार गरी सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ ।

२. धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचारप्रसारमा पहल गरिनेछ ।-

३. सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने कार्यक्रमहरुमा संलग्न गराइनेछ ।

४. उद्योग संचालनका लागि वातावरणीय पक्षलाई ध्यान दिई स्थापित उद्योगलाई वातावरणीय पक्षमा सुधारका लागि प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिनेछ ।

५. वैकल्पिक ऊर्जाको प्रयोगलाई जोड दिइनेछ।

६. प्राकृतिक मुल संरक्षण तथा नदिनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

७. राष्ट्रिय र सामुदायिक वन दुवैलाई एकिकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाइनेछ ।

८. वन, जैविक विविधता तथा जलाधारको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र स्वच्छता कायम राख्न यसको उच्चतम उपयोगका लागि अध्ययन अनुसन्धानमा आधारित आवधिक गुरुयोजना तयार गरिनेछ ।

९. **हरियो वन नेपालको धन** भन्ने नारालाई आत्मा साथ गर्दै खुला, प्रति, सरकारी जमिनमा फलफूल तथा अन्य वृक्षहरुको वृक्षारोपण कार्य अभियानकै रुपमा सन्चालन गरिनेछ ।

१०. जलवायु परिवर्तनको प्रभावबाट न्युनिकरण गर्नका लागि जलवायु परिवर्तन सम्वन्धी अभिमुखीकरण र प्रभाव न्युनीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

११. वातावरणीय सन्तुलनलाई दिगो बनाउन नगर क्षेत्र भित्र चालिस माईक्रोन भन्दा कमका प्लाष्टिकको प्रयोग पूर्ण निषेध गर्ने र प्लाष्टिकको प्रयोगलाई निरुत्तसाहित गर्न कपडाको झोला बनाउने शीप तथा तालिम दिई उत्पादित झोला दैनिक प्रयोगको लागि वितरण गरिनेछ ।

१२. विभिन्न घाट तथा कब्रस्थानको व्यवस्थापन र हरियाली गर्ने नीति अवलम्बन गरिनेछ।

१३. ध्वनि प्रदुषण, वायु प्रदुषण, जल प्रदुषण, माटो प्रदुषण आदिको नियन्त्रण तथा न्यूनीकरणका लागि आवश्यक प्रयास गरिनेछ ।

१४. वातावरणीय सन्तुलन कायम गर्न तथा व्यवसायसंग जोड्न फलफूल तथा अन्य बोटविरुवाहरु उत्पादन गर्न "**नर्सरी क्षेत्र विकास** "गरिनेछ ।

१५. मिर्चैया नगरपालिकाको उच्च भाग तथा खाली स्थानमा रिचार्ज पोखरीको निर्माण गरिनेछ ।

१६. विकास निर्माणका कार्यमा वातावरणीय पक्षलाई कानुन अनुसार पालना गर्ने विषयलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१७. मिर्चैया नगरपालिकाको वन ऐन २०८० पारित भइसकेकोमा नगरपालिका र सामुदायिक वन उपभोक्ता समितिहरुसङ्गको सहकार्यमा संरक्षण, सम्वर्द्धन, उद्यमशिलता तथा उपभोग गर्ने नीति लिइनेछ र सो सम्बन्धमा कार्यविधि बनाइ अघि बढिनेछ ।

१८. वातावरण संरक्षणमा टोल विकास समितिलाई जिम्मेवार बनाइनेछ ।

१९. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरूबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ । फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ ।

२०. नगरक्षेत्र भित्र रहेका वर, पिपल, स्वामी लगायतका वृक्षहरु र परम्परागत चौतारी, पोखरीको संरक्षण र सम्वर्धन गरिनेछ । आवास तथा खेतीयोग्य क्षेत्रमा रहेका अव्यवस्थित एवं जोखिमयुक्त झाडीहरु व्यवस्थापन गर्न सम्वन्धित जग्गाधनीहरुलाई परिचालन गरिनेछ ।

२१. सुख्खायाममा वनमा लाग्ने डढेलो नियन्त्रणका लागि सचेतना तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२२. जलबायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय गैतथा विकास .स .स . साझेदारहरुसँग समन्वय र सहकार्य गरी स्थानिय जलवायू परिवर्तन अनुकूल कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

23. वन, कृषि भू तथा जलाधार संरक्षण वातावरण आदि परस्पर सम्वन्धित विषयहरुमा एकीकृतरुपमा योजना सञ्चालन गर्ने नीति अनुशरण गरिनेछ ।
24. एक घर एक बिरुवाको नीतिलाइ नक्सापाससँग आवध गर्दै निरन्तरता दिइनेछ ।
25. वनमा डडेलो लगाउन प्रतिबन्ध लगाइनेछ। डडेलो लगाउनेलाई कडा कारबाही गरिनेछ।
26. नगर क्षेत्र भित्रका सबै सडक नाला तथा सार्वजनिक शौचालयको नियमित सरसफाई गर्नुका साथै आवश्यक कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
27. विभिन्न संघ संस्थाको सहयोगमा छाडा पशु चौपायाहरुको व्यवस्थापन गरिनेछ र यसको व्यवस्थापनको लागि नगरपालिका भित्र कान्जी हाउस निर्माण गरी संचालन गरिनेछ ।
28. नगरलाई Clean city, Geeen City, Eco-friendly City को रुपमा विकास गरिनेछ।
29. एक घर दुई फलफुल विरुवा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
30. समृद्ध र हराभरा नगरपालिकाको नारा सहित दिगो विकासलाई मध्यनजर गर्दै विकास गतिविधि संञ्चालन गरिनेछ ।
31. विश्व वातावरणको दिवसको दिन स्वच्छ वातावरण एवम् हराभरा वस्ती निर्माण गर्ने हेतुले वृक्षारोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
32. नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगरपालिका घोषणा गर्ने तर्फ अभियान अगाडी बढाइने छ ।
33. फोहर उत्पादकले कर तिर्नु पर्दछ भन्ने सिद्धान्त बमोजिम संयन्त्र तयार गरी सचेतना अभियान सञ्चालन गरिनेछ,

## ३. मेलमिलाप तथा न्यायिक निरुपण

1. स्थानीय स्तरमा नै विवाद समाधानका लागि वडातहमा मेलमिलाप केन्द्रको संयन्त्र तयार गरी वडा तहमा कानूनी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।
2. जनप्रतिनिधिहरुलाई कानूनी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।
3. स्थानीय तहमा कानून तर्जुमा र कार्यान्वय गर्दा मानवअधिकार संरक्षण, सम्वर्धन र विकासलाई प्राथमिकता दिइनेछ ।
4. न्यायीक समितिका कामलाई प्रभावकारी बनाउन, मुद्दा दर्ता, बहस पैरवी तथा फैसलाको प्रक्रियालाई चुस्त दुरुस्त र प्रभावकारी बनाइनेछ ।
5. नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार स्थानीय अदालतका रुपमा न्यायिक समितिवाट हुने न्याय निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन हुँदै आएको र त्यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउन आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।
6. न्यायिक समिति र वडाका मेलमिलाप समितिको क्षमता विकासमा जोड दिइनेछ।
7. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, मुलुकी देवानी संहिता-२०७४ अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ ।
8. न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुँचलाई सहज बनाईनेछ । हिंसा पिडित महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र जेष्ठ नागरिकलाई प्रदेश र संघिय सरकारको सहकार्यमा निःशुल्क कानुनी सहायता उपलब्ध गराईनेछ ।

9. न्यायीक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमवाट निरुपण गर्ने नीति लिईनेछ ।
10. सिरहा जिल्लाका सबै स्थानीय तहहरुको सहभागितामा न्यायीक भेला आयोजना गरी अनुभव आदान प्रदान, न्यायीक समितिका समस्या र समाधानको वारेमा कार्यक्रम गरिनेछ ।

## ४. रोजगार प्रवर्द्धन

1. संघ र प्रदेश सरकारबाट स्थानीय तहमा संचालन हुने कार्यक्रमहरुलाई अपनत्व कायम रोजगार सेवा केन्द्रलाइ थप सशक्तिकरण गरिनेछ ।
2. आन्तरिक रोजगारीको प्रत्याभूति गर्नका निम्ति **आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम** संचालन गरिनेछ ।
3. **"श्रम संचार"** नामक EMIS PORTAL लाइ रोजगारदाता र रोजगारको खोजिमा रहेको बेरोजगार व्यक्तिलाइ रोजगार दिन र पाउन फोरमको रुपमा प्रचार प्रसार गर्ने र प्रभावकारी बनाउने ।
4. बेरोजगार व्यक्ति, विदेशबाट फर्केको व्यक्ति र विदेश जाने ईच्छुकहरुको तथ्यांक संकलन गरि आगामी आ.व. मा करिब ३०० जनालाइ श्रम बजारको आवश्यकता अनुसार व्यवसायिक तथा सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।
5. विदेश जाने व्यक्तिको श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृतिको लागि आवेदन सम्बन्धी काममा सहजीकरण गरिनेछ ।
6. वैदेशिक रोजगारको क्रममा मृत्यु, अङ्गभङ्ग, अशक्त वा गम्भीर विरामी भएका व्यक्तिहरुलाई आर्थिक सहयोगका लागि सहजीकरण गर्ने तथा सुरक्षित अप्रवाशनका निम्ति SaMi (सामी) कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिनेछ ।
7. **"श्रमको सम्मान : राष्ट्रको अभियान"** कार्यक्रम अन्तर्गत **मेयरसंग बेरोजगार व्यक्तिको अन्तरक्रिया कार्यक्रम** संचालन गरिनेछ ।
8. नगरपालिका भित्र रहेका दक्ष, अर्द-दक्ष र अदक्ष बेरोजगारको तथ्यांक संकलन गर्ने र आन्तरिक रोजगारीका लागि सहजीकरण गर्ने ।
9. स्थानीय तहबाट कार्यान्वयन हुने श्रममूलक काममा यस कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारलाई संलग्न गराई कार्यस्थलमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गरिनेछ।
10. स्थानीय रोजगार रणनीति-२०८१ र स्थानीय रोजगार सम्बाद मंच संचालन कार्यविधि-२०८१ लाइ कार्यन्वयन गरिनेछ |
11. स्थानीय तहमा स्थापना भएको रोजगार सेवा केन्द्रलाइ श्रम बैंक समेतको उपयोग गरि रोजगार सेवा केन्द्र र बिभिन्न रोजगार प्रदायक संघ संस्था, बितीय संस्था, गैर सरकारी संस्था तथा सरोकारवाला निकाय बीच समन्वय गराई सार्वजनिक पूर्वाधार निर्माण, कृषि उत्पादन, उधोग, कलकारखाना, बितीय क्रियाकलाप, सामाजिक बिकास आदिको क्षेत्रमा रोजगारीको सिर्जना गरिनेछ ।
12. यस नगरपालिकामा संचालित गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रम मार्फत आ.व. २०७७/०७८ देखि विभिन्न किसिमका शिप विकास तालिम लिएका उधमीहरुलाई तिनीहरुको व्यवसाय प्रबर्ध्दन गर्न आर्थिक, प्रविधि र प्राविधिक लगायतको सहायता उपलब्ध गराइनेछ ।

13. यस नगरपालिकामा संचालित गरिवि निवारणका लागि लघु उधम विकास कार्यक्रम मार्फत आ.व. २०८२/०८३ मा थप १५० जना उधमी उत्पादन गरि व्यवसाय प्रवद्धन गरिनेछ ।
14. मेडपा कार्यक्रम संचालनका लागि संघिय सरकारबाट प्राप्त शशर्त अनुदान र आवश्यक थप रकम साझेदारी गरि कार्यक्रमलाइ आगामी आ.व. मा समेत निरन्तरता दिइनेछ ।
15. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई बिभिन्न कार्यक्रम, क्रियाकलाप र आयोजना संचालन गरि सामाजिक र आर्थिक रुपमा पुनः एकिकरण गरिनेछ ।

## ५. खरिद तथा विपद व्यवस्थापन

1. नगरपालिका क्षेत्र भित्रका विपद जोखिम क्षेत्रको पहिचान गरि विपद पूर्वतयारी र प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
2. विपद व्यवस्थापन कार्यमा श्रोत, साधन, जनशक्ति र सुचना र संयन्त्रलाइ समन्वयात्मक रुपमा एउटा छाना मुनिवाट परिचालन गरिनेछ ।
3. नगरपालिका स्तरीय विपद व्यवस्थापन कोषलाइ निरन्तरता दिइनेछ ।
4. संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्थासंगको सहयोग समन्वय र सहकार्यमा विपद जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरुको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ ।
5. आगलागी जस्तो विपदबाट बच्न बारुणयन्त (दमकल) २४ घण्टा तयारी अवस्था राखिनेछ ।
6. विपद व्यवस्थापन शाखावाट पूर्व तयारी संयन्त्र २४ सै घण्टा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
7. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति/निकायहरुलाई प्रकोप व्यवस्थापन कोषबाट तत्काल् राहत उपलब्ध गराउने ध्येयका साथ प्रकोप व्यवस्थापन सम्बन्धी कानूनमा सामयिक संशोधन गरिनेछ।
8. विपद् व्यवस्थापनको लागि अन्तर निकाय समन्वयको कार्य प्रभावकारी बनाउन सूचना सञ्चार प्रणाली विकास गर्दै Disaster Management मा सम्बन्धित निकायहरू जस्तै : जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य निकायहरू, सुरक्षा निकाय, स्काउट, रेडक्रस, गैह्रसरकारी संस्थाहरूबीच एकीकृत रुपमा कार्य गर्ने बातावरण मिलाइनेछ ।
9. सरोकारवालाहरुको सहभागितामा विपद व्यवस्थापनको नमूना अभ्यास र तालीम संचालन गरिनेछ
10. जिन्सी श्रेस्ता प्रणाली (PAMS-v2) र यसको उपयोग बारे सम्बन्धित शाखा तथा वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ ।

## ६. लेखापालन तथा तथ्यांक व्यवस्थापन

१. हालसम्मको बेरुजुलाइ एकिन गरी फछ्यौंट गर्न गराउन लेखा समितिलाई सक्रिय गरी कार्य अघि बढाइनेछ

२. पुरानो पेश्की फर्छ्यौट बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फर्छ्यौट गराउन आवश्यक पहल गरिनेछ ।

३. हालसम्मको बेरुजुलाई शून्यमा झार्ने नीति लिईनेछ ।

४. आ.व. २०७४/०७५ देखि हाल सम्मका लेखा शाखाका प्रमाणहरुलाई DIGITIZED गरिनेछ ।

५. लेखा व्यवस्थापन तथा लेखापालनलाई मित्तव्ययी र प्रभावकारी बनाइनेछ र सार्वजनिक खर्चको मित्तव्ययीतालाई विशेष ग्राहयता दिईनेछ ।

६. नगरपालिकाको आय व्ययलाई मासिक रुपमा सूचना पाटी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ।

७. लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु सम्बन्धमा आवश्यक कारबाही गरि बेरुजु फछ्यौट गरिनेछ ।

८. आन्तरिक लेखापरीक्षणलाई लेखापरीक्षणको सर्वमान्य सिद्धान्त अनुसार स्वतन्त्र रुपमा लेखापरीक्षण गरि प्रतिवेदन दिन सक्ने वातावरण मिलाइनेछ ।

९. बेरुजु लगत अध्यावधिक गरि बेरुजु फर्छ्यौटको कार्यलाई अतिआवश्यक रुपमा सञ्चालनमा जोड दिइनेछ

१०. कारोवारमा संलग्न पदाधिकारीले जिम्मेवारीबाट अलग हुँदा बेरुजु फछ्यौटको विवरण अनिवार्य बरबुझारथ गर्ने व्यवस्था गरिनेछ ।

११. मध्यकालिन खर्च संरचना तर्जुमा गरी वजेट तथा कार्यक्रमलाई मध्यकालिन खर्च संरचनामा आवद्द गरिनेछ

१२. विकास निर्माणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागिता मूलक बनाइनेछ ।

१३. SUTRA लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै Electronic Fund Transfer लाइ पूर्ण रुपमा कार्वान्वयन गरिनेछ ।

१४. लेखा शाखामा रहने सबै कागजातहरुको सुरक्षा तथा कार्य व्यस्तताका समयमा तुरुन्तै प्राप्त गर्न सकिने गरी सफ्टवेयर प्रणालीमा सबै गोश्वारा भौचर र संलग्न कागजातहरुलाई आवद्द गरिनेछ ।

## ७. राजश्व परिचालन

1. मिर्चैया नगरपालिकाको सम्पूर्ण करदाताको तथ्यांक संकलन गरि करदाताको विवरण विधुतीय माध्यमबाट डिजिटल प्रणालीमा अभिलेख अध्यावधिक गर्ने तथा विधुतीय माध्यमबाट (E- Payment) राजश्व बुझाउने नीति अवलम्बन गरिनेछ ।
2. **"नगर बिकासको भर. हामीले तिरेको कर "** को सोचमा आधारित अभियान संचालन गरि कर प्रशासनलाइ सरल, पारदर्शी प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाइ अधिकतम कर संकलन हुने वातावरण सिर्जना गरिनेछ
3. नगरपालिकाको आन्तरिक श्रोतसाधनको प्रभावकारी परिचालन गर्न राजश्व सुधार कार्ययोजना पारित गर्ने, राजश्व चुहावटलाइ न्यूनीकरण गरि करको दायरा विस्तार गर्न आवश्यक नीति तय गरिनेछ
4. राजश्व असुली कार्यलाई समयानुकूल एवं प्रविधिमैत्री बनाइ राजश्व संकलन गर्न राजश्व शाखामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
5. नगरपालिकाको विद्यमान राजश्व तथा कर नीति, करका दर र दायराहरु वैज्ञानिक, वस्तुनिष्ठ, प्रगतीशिल र करदातामैत्री वनाउने सम्वन्धमा विषय विज्ञ द्वारा अध्ययन गरी प्राप्त प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ । राजश्वको दर भन्दा दायरा बढाई नगर क्षेत्र भित्रका सबै करयोग्य क्षेत्रलाई करको दायरामा ल्याइनेछ ।

६. व्यवसाय कर, घर वहाल कर लगायतका कर संकलन र व्यवसाय दर्ताको लागि घरदैलो कार्यक्रम सघन रुपमा संचालन गरिनेछ । व्यवसाय दर्ता र कर संकलनमा नीजि क्षेत्रका संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ । स्थानीय तहको मुख्य आर्थिक आधार मानिएको आन्तरिक राजश्व अभिबृद्धिका लागि संभावित क्षेत्रहरुको खोजि एवं विस्तार गरिनेछ ।

७. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनको अधिनमा रहि ढुङ्गा, गिटि, बालुवा, रोडा, माटो लगायतका नदिजन्य पदार्थको व्यवस्थापन प्रचलित कानुन अनुसार समयमै सम्पन्न गरिनेछ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ ।

८. करदातामैत्री राजस्व प्रशासन निर्माण गरी उत्कृष्ट करदातालाई सम्मान स्वरुप प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगरपालिका र उपभोक्ता समितिले कारोबार गर्ने नगरपालिका स्थित फर्महरुले स्थानिय तहबाट करचुक्ता नलिएको खण्डमा त्यस्ता फर्महरुसँग कारोबार नगर्ने नीति लिईनेछ ।

९. राजस्व दर्ता रजिष्ट्रशन नगरी सञ्चालनमा आएका पसल व्यवसायहरुको अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

१०. नगरपालिकाले संकलन गर्दै आइरहेको कर तथा दस्तुरको सम्बन्धमा करदाताहरुलाई लक्षित गरी **करदाता शिक्षा कार्यक्रम** सञ्चालन गरिनेछ ।

११. नगर क्षेत्रभित्र सञ्चालनमा आएका र आउने प्रत्येक बैंक, वित्तीय संस्था, बीमा कम्पनी लगायत विभिन्न निजी क्षेत्रवाट सञ्चालित संस्थाहरुको तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. साना तथा घरेलु उद्योगमा दर्ता गरी व्यवसाय सञ्चालन गर्ने उद्यमीहरुलाई नगरपालिकामा समेत व्यवसाय दर्ता तथा नवीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

१३. **"कर डर होइन, मिर्चैया नगरपालिकाको विकासको भर"** हो भन्ने तथ्यलाई आत्मसात गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायराभित्र ल्याइनेछ। कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउँदै लगिनेछ । मिर्चैया नगरपालिकाले आन्तरिक श्रोतको दिगो व्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनितिक योजना मार्फत राजश्व विज्ञ नियुक्ति गरि प्रभावकारी राजश्व परिचालनमा जोड दिईनेछ ।

१४. नगरपालिकाका सम्पूर्ण करदाताहरूको राजस्व असुली कार्यमा मिर्चैया उद्योग संघ लगायतका सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्यगरी कर परिचालन गरिनेछ ।

१५. सबै करदाताको विवरण डिजिटल प्रणालीमा आवद्ध गरी प्रत्येक करदाताको Integrated Tax Portal अन्तर्गत Individual Tax ID को प्रयोग गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ।

१६. सेवाग्राहिले कर तिरिसकेपछि एस.एम.एस .मार्फत् धन्यवाद ज्ञापन गर्ने र अनलाईन पद्धतिबाट कर असुल गर्न सक्ने गरी सेवा विस्तार गरिनेछ ।

१७. सम्पति कर भित्र नगरपालिकाका सबै करदाताहरुलाई समेटनका लागि नीति निर्माण गरि लागु गरिनेछ ।

१८. राजश्व सम्भाब्यता अध्ययन प्रतिवेदन तथा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभाकारी बनाइनेछ ।

१९. करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यपार व्यवसाय गर्ने व्यवसायीहरु संग मापदण्ड तोकी बहाल बिटौरी कर लिने नीति लागु गरिने छ ।

**नगरसभा सदस्यज्युहरु,**

हाम्रो मिर्चैया नगरपालिकाको आ.व. २०८२/०८३ को निती तथा कार्यक्रम प्रस्तुत गरिसकेको छु । उपरोक्त नीति, कार्यक्रम तथा वजेट कार्यान्वयनको लागि सम्पूर्ण नगरवासीहरु, सरोकारवाला पक्षहरुवाट आवश्यक सहयोग र सल्लाहको अपेक्षा एवं रचनात्मक पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु । अन्तमा नगरवासीहरुले हामीलाई विश्वास गरि सुम्पिएको जिम्मेवारीको उच्चतम सम्मान गरि जनभावना अनुसार नगरपालिकाको समृद्धि र विकासको लागि निष्ठापुर्वक काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यो निती तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुर्याउने हुने नगर सभाका सदस्य, कर्मचारी मित्रहरु, प्रत्यक्ष, अप्रत्यक्ष रुपमा संलगन महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै विदा हुन चाहन्छु ।

**धन्यवाद, नमस्कार**
**नगर प्रमुख**
**श्रवण कुमार यादव**

## नगर उप-प्रमुख श्रीमति जिवछी देवी साह ज्यु बाट मिचैंया नगरपालिकाको १५ औं नगर सभामा प्रस्तुत आ.व. २०८२/०८३ को वजेट वक्तव्य

**नगरसभा अध्यक्ष ज्यु तथा सदस्य महोदय,**
यस मिचैंया नगरपालिकाको गरिमामय १५ औं नगर सभामा मिचैंया नगरकार्यपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसि लागेको छ । यस अवसरमा म नेपालको संघिय सरकार, प्रदेश सरकारको मापदण्ड, निर्देशिका र यस मिचैंया नगरपालिकाको लिइएको नीति अनुसार गरिमामय नगरसभा आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रतुत गर्दछु ।

दैनिक सेवा प्रवाह संग सम्बन्धित प्रशासनलाइ स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, अनुशासित, जनउत्तरदायी र सहभागितामूलक बनाउदै नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान पहुँच सुनुशिचित गरि सुशासनको प्रत्याभूति गरिने नीति यस नगरपालिकाले लिएको छ ।

**यस बजेटको निम्न लिखित लक्ष्य तथा उदेश्य पूर्ति हुने विश्वास राखेको छु ।**

१. उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने,
२. आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने,
३. सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी बनाउने,
४. मानव संसाधनको बिकास गर्ने,
५. निजि क्षेत्रको मनोबल बढाउदै आर्थिक क्रियाकलापमा तिब्रता ल्याउने |

**बजेटका पांच रुपान्तरणकारी क्षेत्रहरु**

१. कृषि क्षेत्रमा रुपान्तरण,
२. स्वास्थ्य क्षेत्रको विस्तार,
३. शिक्षाको प्रवर्धन,
४. पर्यटनको विकास
५. सुचना प्रबिधीको विकास |

अव म मिचैंया नगरपालिका न.पा. को अगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्ययको अवस्था बारेमा प्रस्तुत गर्न चाहन्छु ।

यस आर्थिक वर्ष २०८२/८३ मा यस मिचैया नगरपालिकाको बजेटमा आन्तरिक आय, आल्या र बैंक मौज्दात समेत गरि रकम रु. १४ करोड रुपैंया, राजस्व बांडफाड (नेपाल सरकार) तर्फ रु. १२ करोड, ४६ लाख ८ हजार ४३ रुपैया, राजस्व बांडफाड (प्रदेश सरकार) तर्फ रु. ९४ लाख २३ हजार ८ सय ४० रुपैया, सर्शत अनुदान (नेपाल सरकार) तर्फ रु. २५ करोड, ४२ लाख रुपैंया,

विशेष अनुदान (नेपाल सरकार) तर्फ रु. ७६ लाख रुपैंया, सम्पुरक अनुदान (नेपाल सरकार) तर्फ रु. ९० लाख रुपैंया, वितिय समानिकरण तर्फ रु.१३ करोड १६ लाख रुपैया सर्शत अनुदान (प्रदेश सरकार) तर्फरु. ९५ लाख रुपैया, वितिय समानिकरण (प्रदेश सरकार) तर्फ रु. ९२ लाख ४० हजार रुपैया विशेष अनुदान (प्रदेश सरकार) तर्फ रु.३० लाख, समपुरक अनुदान (प्रदेश सरकार) तर्फ रु.३० लाख, गरि कुल जम्मा रकम रु. ७० करोड, ११ लाख ७१ हजार ८ सय ८३ रुपैया अनुमानित आय हुने अनुमान गरिएको छ।

यस आर्थिक वर्ष २०८२/८३ मा यस मिचैया नगरपालिकाको बजेटमा आन्तरिक आय, आल्या र बैंक मौज्दात समेत गरि रकम रु. १४ करोड रुपैंया, राजस्व बांडफाड (नेपाल सरकार) तर्फ रु. १२ करोड, ४६ लाख ८ हजार ४३ रुपैया, राजस्व बांडफाड (प्रदेश सरकार) तर्फ रु. ९४ लाख २३ हजार ८ सय ४० रुपैया, सर्शत अनुदान (नेपाल सरकार) तर्फ रु. २५ करोड, ४२ लाख रुपैंया, विशेष अनुदान (नेपाल सरकार) तर्फ रु. ७६ लाख रुपैंया, सम्पुरक अनुदान (नेपाल सरकार) तर्फ रु. ९० लाख रुपैंया, वितिय समानिकरण तर्फ रु.१३ करोड १६ लाख रुपैया सर्शत अनुदान (प्रदेश सरकार) तर्फरु. ९५ लाख रुपैया, वितिय समानिकरण (प्रदेश सरकार) तर्फ रु. ९२ लाख ४० हजार रुपैया विशेष अनुदान (प्रदेश सरकार) तर्फ रु.३० लाख, समपुरक अनुदान (प्रदेश सरकार) तर्फ रु.३० लाख, गरि कुल जम्मा रकम रु. ७० करोड, ११ लाख ७१ हजार ८ सय ८३ रुपैया व्यय हुने अनुमान गरिएको छ। यस सम्बन्धमा मिर्चैया नगरपालिकाको आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ यस सभामा प्रस्तुत गरेको छु । उक्त ऐन र माथि उल्लेखित मिर्चैया नगरपालिकाको २०८२/०८३ को आय र व्ययलाइ सर्व- सम्मत रुपमा स्वीकृतिको लागि सम्मानित सभा समक्ष पेश गर्दछु ।

नगरवासीहरुले हामीलाई विश्वास गरि सुम्पिएको जिम्मेवारीको उच्चतम सम्मान गरि जनभावना अनुसार नगरपालिकाको समृद्धि र विकासको लागि निष्ठापुर्वक काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यो बजेट तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुर्याउने हुने नगर सभाका सदस्य, कर्मचारी मित्रहरु, प्रत्यक्ष, अप्रत्यक्ष रुपमा संलगन महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै विदा हुन चाहन्छु ।

**धन्यवाद, नमस्कार**
**नगर उप-प्रमुख**
**जिवछी देवी साह**

# आर्थिक विधेयक २०८२

## मिर्चैया नगरपालिकाको आर्थिक प्रस्तावलाइ कार्यन्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : मिर्चैया नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नेको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मिर्चैया नगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**208 यस ऐनको नाम आर्थिक ऐन : २ रहेको छ । यो ऐन 208२ साल श्रावण १ गते देखि २०८३ साल असार मसान्तसम्म मिर्चैया नगर क्षेत्र भित्र मात्र लागु हुने छ ।

२. **सम्पति कर**घर जग्गा कर ,बमोजिम सम्पति कर (१) नगरपालिकाको क्षेत्र भित्र अनुसूची : लगाइनेछ र असुल उपर गरिनेछ।

३. **भूमिकर :(मालपोत)**नगरपालिका क्षेत्र भित्र अनुसूची बनाइने (मालपोत) बमोजिम भूमिकर (२) र असुल उपर गरिनेछ।

४. **घर जग्गा बहाल कर** ,पसल ,घर ,नगरपालिका क्षेत्र भित कुनै व्यक्ति र संस्थाले भवन : गोदाम ,ग्यारेज, टहराजग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा ,छप्पर , बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ (३) अनुसूची।

५. **व्यवसाय कर** ,व्यवसाय ,नगरपालिका क्षेत्र भित्र व्यपार : वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची बमोजिम व्यवसाय कर लगाइनेछ र असुल उपर गरिन्छ (४)

६. **सवारी साधन कर**बमोजिम (५) नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची : सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन कर**बमोजिम विज्ञापन कर (६) नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची : लगाइनेछ र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर** (७) नगरपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवस्थापन सेवामा अनुसूची : बमोजिम व्यवसाय कर लगाइनेछ र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **विटौरी शुल्क**नगरपालिका क्षेत् : र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको अनुसूची मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार (८) विटौरी शुल्क लगाइनेछ र असुल उपर गरिनेछ।

१०. **पार्किंग शुल्कन**गरपालिका क्षेत्र भि : त्र कुनै सवारी साधनलाई पार्किंग सुविधा उपलब्ध वापत अनुसूची  बमोजिम पार्किंग शुल्क लगाइने र असुल उपर गरिनेछ (९)।

११. **सेवा शुल्क दस्तुर** (१०) संचालन वा व्यवस्थापन गरेको अनुसूची ,नगरपालिकाले निर्माण : मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राही कर सोही अनुसूची व्यवस्था भए अनुसार शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

१२. **कर छुट**यस ऐन बमोजिम कर तिर्न दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि : किसिमको कर छुट दिइने छैन।

१३. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि**यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा : शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकालले तोकेको अनुसार हुनेछ ।

१४. **अन्य सेवा शुल्क**सम्म उल्लेखित भए देखि वाहेक प्राप्त हुन सक्ने अन्य ११ देखि २ दफा : आय तथा आम्दानीकोदर रेट र सो असुल गर्ने तरिका राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाले तोकेको बमोजिम हुनेछ ।

**१५.** यस विद्येयकमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धाण गर्नुपर्ने भएमा सोही विषयसंग मिल्दोजुल्दो अर्को विषयको दररेट कायम गरिनेछ ।

**अनुसूची-१**

**(दफा २ संग सम्बन्धित)**

**१.सम्पति करको दर**

| **सम्पति करको दर** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **मूल्याँकन रकम** | | | | **सम्पति करको दर** |
| १ | रु.१ | देखि | रु.२ लाख ५० हजार | सम्म | रु.५०।- |
| २ | रु.२ लाख ५० हजार १ | देखि | ५ लाख | सम्म | ७५।- |
| ३ | रु.५ लाख १ | देखि | ७ लाख ५० हजार | सम्म | १२५।- |
| ४ | ७ लाख ५० हजार १ | देखि | १० लाख | सम्म | २००।- |
| ५ | रु.१० लाख १ | देखि | १२ लाख ५० हजार | सम्म | २५०।- |
| ६ | १२ लाख ५० हजार १ | देखि | १५ लाख | सम्म | ३००।- |
| ७ | १५ लाख १ | देखि | १७ लाख ५० हजार | सम्म | ३५०।- |
| ८ | १७ लाख ५० हजार १ | देखि | २० लाख | सम्म | ४००।- |
| ९ | २० लाख १ | देखि | २२ लाख ५० हजार | सम्म | ५००।- |
| १० | २२ लाख ५० हजार १ | देखि | २५ लाख | सम्म | ६७०।- |
| ११ | २५ लाख १ | देखि | २७ लाख ५० हजार | सम्म | ८४०।- |
| १२ | २७ लाख ५० हजार १ | देखि | ३० लाख | सम्म | १,०००।- |
| १३ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | १,२००।- |
| १४ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | १,८००।- |
| १५ | ४० लाख १ | देखि | ४५ लाख | सम्म | २,४००।- |
| १६ | ४५ लाख १ | देखि | ५० लाख | सम्म | ३,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३,५००।- |
| १८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ५,१२५।- |
| १९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ६,७५०।- |
| २० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ८,३७५।- |
| २१ | ९० लाख १ | देखि | १ करोड | सम्म | १०,०००।- |
| २२ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १२,०००।- |
| २३ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १४,०००।- |
| २४ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | १६,०००।- |
| २५ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | १८,०००।- |
| २६ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | २०,०००।- |
| २७ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | २५,०००।- |
| २८ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ३२,०००।- |
| २९ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ३९,०००।- |
| ३० | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ४६,०००।- |
| ३१ | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | ५३,०००।- |
| ३२ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | ६०,०००।- |
| ३३ | ५ करोड १ | देखि | माथिको मूल्याँकनमा | | प्रतिह जार रु. २ थप |

नोट सम्पति कर र घर जग्गा कर बृहत विषय भएको हुदा थप अध्ययन गरि प्रक्रिया अगाडि बढाईने छ

## सम्पति करको शुरुवात नभएसम्मको लागि अचल सम्पति वार्षिक आयश्रोत प्रमाणित

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| क. | रु.१देखि१० लाख सम्म | १०००।- |
| ख. | रु.१०लाख१ देखि२० लाख सम्म | १५००।- |
| ग. | रु.२०लाख १ देखि३० लाख सम्म | २०००।- |
| घ. | रु.३०लाख १ देखि५० लाख सम्म | ३०००।- |
| ङ. | रु.५०लाख १ देखि१ करोड सम्म | ६०००।- |
| च. | रु. १ करोड १ देखि ३ करोड सम्म | १२०००।- |
| छ. | रु. ३ करोड १ भन्दा माथि | २५०००।- |

**नोट :-जग्गाको मूल्याँकनको हकमा मालपोतको स्वीकृत दररेटमा नघटने गरी मूल्याँकन समितिको सिफारिस समेतका आधारमा स्वयं घोषणा प्रणाली अनुसार मूल्याँकन गरिनेछ ।**

**अनुसूची २**
**ऐनको (दफा ३ संग सम्बन्धित)**
**मालपोत/सम्पति करको दर :-**

| अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|

| प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर | प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर | प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर | प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १००।- | ५ | ०.२५ | ८० | ४ | ०.२ | ७० | ३.५० | ०.१७५ | ६० | ३ | ०.१५ |

| ख) दुई विग्हा देखि बढी भएको जग्गा जमिनको हकमा :-अवल | | | दोयम | | | सिम | | | चाहार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर | प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर | प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर | प्रति विगहा | प्रति कठ्ठा | प्रति धुर |
| १५०।- | ७.५ | ०.३७५ | १०० | ५ | ०.२५ | ८० | ४ | ०.२० | ७० | ३.५० | ०.१७५ |

**अनुसूची-३**
**(दफा ४ संग सम्बन्धित)**
**बहाल करको दर**

| सि.नं. | विवरण | रकम प्रतिशतमा |
|---|---|---|
| १. | भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्परको बहाल रकमको | दस प्रतिशत |
| २. | पोखरी र जगा बहाल रकमको | दस प्रतिशत |
| ३. | मेशनरी औजार एवम् सवारी साधन बहाल रकमको | दस प्रतिशत |

**अनुसूची -४**

**(ऐनको दफा (५) संग सम्बन्धित)**

**श्रेणी अनुसार वार्षिक व्यवसाय करको दर रेट**

| सि.नं. | व्यवसायको किसिम | “क” श्रेणी | “ख” श्रेणी | “ग” श्रेणी |
|---|---|---|---|---|
| **०१** | **व्यापारिक वस्तुहरु :-** | | | |
| १/१ | सुर्य टोवाको चुरोटको थोक विक्रेता प्रति बर्ष | | | ५,०००।- |
| १/२ | विडी वा सुर्तिको थोक विक्रेता प्रति बर्ष | | | १,५००।- |
| १/३ | सुर्ति प्याकि गर्ने उद्योग प्रति बर्ष | | | २,९००।- |
| १/४ | गुटखा उद्योग प्रति बर्ष | | | ५,०००।- |
| १/५ | मदीरा, वियर, कोल्ड ड्रिक्स थोक विक्रेता प्रति बर्ष | | | ५,०००।- |
| १/६ | मदीरा, वियर, कोल्ड ड्रिक्स खुद्रा विक्रेता प्रति बर्ष | २,२००।- | १,८००।- | १,४५०।- |
| १/७ | मदीरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका उच्च स्तरीय होटल लंजहरुमा प्रति बर्ष | ११,०००।- | ८,७००।- | ५,४००।- |
| १/८ | मदीरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका मध्यमस्तरीय होटल लंजहरुमा प्रति बर्ष | | | ३,६००।- |

| | | | | |
|---|---|---|---|---|
| १/९ | मदीरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका निम्न स्तरीय होटल लंजहरुमा प्रति बर्ष | | | २,५००।- |
| १/१० | वेकरी,आईसकी,कोल्ड ड्रिङ्क,केक,क्याफ,गिफट ईत्यादी पसल | | | १,१००।- |
| १/११ | सुन, चांदी एवं सो को गहना बनाई विक्री तथा वन्धकी राख्ने पसलहरुमा प्रति बर्ष | ५,८००।- | ४,३५०।- | ३,६००।- |
| १/१२ | सुन, चांदी प्रसोधन गर्ने पसलहरुमा प्रति बर्ष | | २,५००।- | १,८००।- |
| **०२** | **निर्माण सामाग्रीहरु :-** | | | |
| २/१ | हार्डवेयर पसल (निर्माण सामग्री समेत) प्रति बर्ष | ५,०००।- | ३,६००।- | २,२००।- |
| २/ २ | सिमेन्ट र फलामे डण्टी मात्र अलग-अलग वेच्ने पसल प्रति बर्ष | | | २,२००।- |
| २/३ | शिशा, प्लाईउड, सनमाईका, रंग रोगन तथा स्यानेटेरीका सामानहरु वेच्ने पसल प्रति बर्ष | २,९००।-- | २,२००।- | १,४५०।- |
| २/४ | कम्प्यूटर, प्रिन्टर, फोटोकपी लगायत सो सम्वन्धी सामान विक्री गर्ने पसल प्रति बर्ष | | | २,२००।- |
| २/५ | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आईन, घडी, केमरा तथा इलेक्ट्रोनिक सामानहरु खुदरा विक्रेता पसलहरु प्रति बर्ष | २,२००।- | १,४५०।- | ७००।- |
| २/६ | विजुलीका सामानहरु मात्र विक्री गर्ने पसल प्रति बर्ष | | १,८००।- | १,१००।- |
| २/७ | रेडियो, घडी, टेप रेक्डर मर्मत गर्ने पसल प्रति बर्ष | ९००।- | ७००।- | ५००।- |
| २/८ | सिडी चक्का भाडामा लगाउने र वेच्ने पसल प्रति बर्ष | | ७००।- | ५००।- |
| २/९ | पेट्रोलियम पदार्थ विक्रेता प्रति बर्ष | | | ७,०००।- |
| २/१० | एक पम्प भएकालाई प्रति बर्ष | | | ३,०००।- |
| २/११ | ड्रमवाट तेल वेच्नेहरु प्रति बर्ष | | | १,१००।- |
| **०३** | **दैनिक उपभोग पदार्थ :-** | | | |
| ३/१ | डिपार्टमेन्ट स्टोर प्रति बर्ष | ६,१००।- | ५,०००।- | ३,६००।- |
| ३/ २ | किराना सामान लगायत अन्य खुद्रा सामान बिक्रि गन प्रति बर्ष | | | १,८००।- |
| ३/३ | किराना पसल थोक प्रति बर्ष | २,९००।- | २,२००।- | १,८००।- |
| ३/४ | किराना पसल साधारन ( गुम्ती कठघारा समेत) प्रति बर्ष | | | ४००।- |
| ३/५ | गल्ला खरिद विक्री प्रति बर्ष | १,४५०।- | १,१००।- | ७००।- |
| ३/६ | सखर खरिद विक्री प्रति बर्ष | ७००।- | ५००।- | ४००।- |
| ३/७ | कपडा पसल ठूलो (सुर्टिङ्ग सटिङ्ग समेत) प्रति बर्ष | ५,४००।- | ३,६००।- | २,९००।- |
| ३/८ | कपडा साधारण पसल प्रति बर्ष | | १,८००।- | १,१००।- |
| ३/९ | रेडिमेट कपडा पसल स्तरीय प्रति बर्ष | | २,९००।- | २,२००।- |
| ३/१० | रेडिमेट कपडा साधारण प्रति बर्ष | | १,८००।- | १,१००।- |
| **०४** | **सवारी साधन विक्रेता :-** | | | |
| ४/१ | जिप,कार लगायत अन्य सवारी विक्रेता प्रति बर्ष | | | ७,२००।- |
| ४/ २ | ट्रयाक्टर विक्रेता प्रति बर्ष | | | ६,५००।- |
| ४/३ | मोटर साइकल, स्कुटर तथाई रिक्सा, टेम्पो र सो सम्वन्धी पार्टहरु विक्री गर्ने पसल प्रति बर्ष | | | ३,६००।- |
| ४/४ | रिकन्डिसन मोटरसाईकल,स्कूटर,टेम्पो खरिद बिकी गर्ने पसल प्रति बर्ष | | | २,५००।- |

| | | | | |
|---|---|---|---|---|
| ४/५ | गाडी सवारी साधनहरु सम्वन्धी पार्टहरु विक्री गर्ने पसल प्रति बष | | २,५००।- | १,५००।- |
| ४/६ | रिक्सा, साइकल नयां फिटिङ्ग गरी वेच्ने पसल प्रति बर्ष | | | ७००।- |
| **०५** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा :-** | | | |
| ५/१ | चिकित्सक प्रति बर्ष | | २,२००।- | १,४५०।- |
| ५/२ | कविराज प्रति बर्ष | | | ७००।- |
| ५/३ | इन्जीनियर प्रति बर्ष | | २,२००।- | १,४५०।- |
| ५/४ | कानूनी व्यवसाय प्रति बर्ष | | २,२००।- | १,४५०।- |
| ५/५ | स्थानीय तहमा लेनदेन तमसुक प्रति पटक दर्ता दस्तुर | | | २००।- |
| ५/६ | लेखापरिक्षक प्रति बर्ष | | २,२००।- | १,४५०।- |
| ५/७ | लेखापढी व्यवसाय प्रति बर्ष | | | १४५०।- |
| ५/८ | दन्त चिकित्सक प्रति बर्ष | २,२००।- | १,४५०।- | ७००।- |
| ५/९ | अनुसन्धानकर्ता तथा परामर्शदाता प्रति बर्ष | २,२००।- | १,४५०।- | ७००।- |
| ५/१० | कम्प्युटर एनालिसट तथा प्रोग्रामर प्रति बर्ष | २,२००।- | १,१००।- | ७००।- |
| ५/११ | विमा ऐजेन्ट प्रति बर्ष | २,२००।- | १,१००।- | ७००।- |
| ५/१२ | सर्भेयर प्रति बर्ष | २,२००।- | १,१००।- | ७००।- |
| ५/१३ | अनुवादक प्रति बर्ष | २,२००।- | १,१००।- | ७००।- |
| ५/१४ | पशु चिकित्सक प्रति बर्ष | | १,४५०।- | ७००।- |
| ५/१५ | शेयर दलाल प्रति बर्ष | २,२००।- | १,४५०।- | ७००।- |
| ५/१६ | सामान ढुवानीकर्ता तथा कम्पनी प्रति बर्ष | | | १,४५०।- |
| **०६** | **निर्माण व्यवसाय :-** | | | |
| ६/१ | "क" श्रेणीका निर्माण व्यवसायलाई प्रति बर्ष | | | १०,०००।- |
| ६/२ | "ख" श्रेणीका निर्माण व्यवसायलाई प्रति बर्ष | | | ८,०००।- |
| ६/३ | "ग" श्रेणीका निर्माण व्यवसायलाई प्रति बर्ष | | | ६,०००।- |
| ६/४ | "घ" श्रेणीका निर्माण व्यवसायलाई प्रति बर्ष | | | ३,०००।- |
| **०७.** | **उर्जा मूलक उद्योग :-** | | | |
| ७/१ | जलश्रोत, वायु, सैर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायु ग्यास तथा अन्य श्रोतहरुवाट उर्जा उत्पादन गर्ने उद्योग व्यवसायमा प्रति बर्ष | ३,६००।- | २,९००।- | २,२००।- |
| **०८.** | **कृषि तथा वन्यजन्य उद्योग :-** | | | |
| ८/१ | चामल तथा तेल उत्पादन गर्ने ठूलो उद्योगमा प्रति बर्ष | | | ६,५००।- |
